२०५८
सहमति
(समुदाय र मानवता विकासका लागि प्रतिवद्ध संस्था)

# सहमति सन्देश

त्रैमासिक

वर्ष ८, अङ्क ४, पूर्णाङ्क ३१ (Year 8, Vol. 4, Issue 31 ) वैशाख-असार, २०७० / Apr.-June. 2013, SAHAMATI SANDESH

## लोकतन्त्र मजबुत बनाऔं विशेष

### संस्थागत कुरा

***सहमति*** र एक्सन एड इन्टरनेशनल नेपालबीचको साझेदारी एवं डेनिडा (ह्युगो) को आर्थिक सहयोगमा दुई वर्ष छ महिनासम्म नवलपरासी जिल्लाका चार गाविसमा केन्द्रित गरी सञ्चालन भएको **"लोकतन्त्र मजबुत बनाऔं"** कार्यक्रमले एल.जि.सि.डि.पि. कार्यक्रमको लक्ष्य र उद्देश्यलाई सफल पार्ने कार्यमा पूरक सहयोग भएको हामीले महशुस गरेका छौं । सहभागीतामूलक योजनातर्जुमा (वस्तीस्तरदेखि जिल्लास्तरसम्म), सरकारी सेवाहरु (शिक्षा, स्वास्थ्य, कृषि/पशुपालन) मा सुधार, सूचनाको हक, राजनीतिमा सबै वर्ग, तह, तप्काको अर्थपूर्ण सहभागिता, जनमुखी-उत्तरदायी सरकार र जिम्मेवार नागरिक, सामाजिक लेखा परीक्षण जस्ता लोकतन्त्र मजबुतिकरण गराउन सहयोग पुऱ्याउने आधारभूत सवालहरुमा हामीले यस कार्यक्रममार्फत स्थानीयस्तरमा संस्थागत गराउने प्रयास गऱ्यौं । कार्यक्रममार्फत् गरिएको तिनै प्रयासहरु र सिकाईहरुलाई यस सहमति सन्देश मार्फत हामीले पस्किएका छौं । यस कार्यक्रमलाई सफल पार्न हामीलाई सहयोग गर्ने सबै सरोकारवालाहरुप्रति हामी अत्यन्तै आभारी छौं र धन्यवाद प्रकट गर्न चाहान्छौं । अन्तमा, नेपालमा लोकतन्त्रको मजबुतिकरणका लागि यस किसिमका कार्यक्रमहरुको निरन्तरता एवं व्यापकता अत्यन्तै आवश्यक छ अनि भावी दिनमा समेत हाम्रो भूमिकालाई अझै सशक्त र प्रभावकारी बनाएर अगाडि बढ्ने कार्यमा हामी प्रतिवद्ध रहने छौं ।



**करुणा सागर सुवेदी**
**अध्यक्ष एवं कार्यकारी निर्देशक**

### सहमतिका मूल्य र मान्यताहरू

- सामुहिकता र सामाजिक सद्भावका लागि ऐक्यवद्धता
- कार्यक्रमका सबै पक्षहरूमा पारदर्शीता
- मानवीय स्वाभिमानको संरक्षण र विकास
- लाभान्वित वर्ग, संस्था र सबै सरोकारवालाहरूको प्रशंसा
- सबै पक्षसँग मिलेर सहमतिमा कार्य
- सामुहिक कार्यको आत्मसात
- संस्था भित्र र कार्यक्रममा समावेशीकरण (महिला, आर्थिक र सामाजिक रूपमा विभेदित समुदायहरू)
- सुशासन र स्व-निर्भरताको प्रवर्द्धन

### यस भित्र ........

- लोकतन्त्र मजबुतीकरण, सामाजिक परिचालन सम्बन्धी लेख, रचना, सिकाई र सफलताका कथाहरू,
- हाल सञ्चालित साझेदारी कार्यक्रमहरुको त्रैमासिक उपलब्धिहरू,
- लोकतन्त्र मजबुत बनाऔं कार्यक्रम (DD) का झलकहरू

## सहमति सन्देश

वर्ष–८, अङ्क–४, पूर्णाङ्क–३१

(वैशाख–असार २०७०)

**संरक्षक**

करुणा सागर सुवेदी

अध्यक्ष, सहमति

**संकलन तथा संयोजन**

सरोज भुषाल–कार्यक्रम अधिकृत

**सम्पादन टोली**

रत्नप्रसाद सापकोटा– उपाध्यक्ष/सहमति

नारायणी बास्तोला – कोषाध्यक्ष/सहमति

विमला खनाल – सदस्य/सहमति

**विशेष सहयोगी**

होमनाथ सुवेदी – महासचिव

भीमप्रसाद शर्मा – कार्यसमिति सदस्य

अशोकराज पोखरेल–केन्द्रीय कार्यक्रम व्यवस्थापक

**सहयोगी**

गणेशराज गिरी–कार्यक्रम संयोजक

लोकतन्त्र मजबुत बनाऔं कार्यक्रम

**कम्प्यूटर**

रीता कुमाल–वरिष्ठ कम्प्यूटर अपरेटर

**प्रकाशन सहयोगी**

actionaid

एक्सन एड इन्टरनेशनल नेपाल

**पत्राचार तथा सुझावका लागि**

**सहमति**

गैंडाकोट–५, नवलपरासी

फोन नं. : ०५६–५०२०९०, ५०२३७३

फ्याक्स : ०५६–५०२२७७

इमेल : sahamati@wlink.com.np

वेभसाइट : www.sahamati.org

**मुद्रण :**

शुभकामना अफसेट प्रेस Shubhakamana Offset Press

शहीदचोक, नारायणगढ, फोन: ०५६–५७१७८५

इमेल : shubhakamana_press@yahoo.com


# सम्पादकीय........

विभेदपूर्ण सामाजिक संरचनाका कारण समाजमा बहिस्करणमा पारिएका व्यक्तिहरुलाई कानून अनुरुप समाजका अन्य व्यक्तिहरु सरह नै सबै मानव अधिकारहरु हुनेभए पनि उनीहरु ती अधिकारहरुबाट बञ्चित हुनेहुँदा पहिला उनीहरुलाई समान रुपबाट ती अधिकारहरु दावी तथा उपभोग गर्न सक्षम बनाउनु आवश्यक पर्दछ । त्यसका लागि अधिकारका उपभोगका बाटामा तगाराको रुपमा रहेका सामाजिक संरचना सुधार गर्ने तथा विशेष संरक्षण गर्ने कार्य गरिनु पर्दछ । यसका लागि पछाडि पारिएका व्यक्तिहरुलाई उनीहरुको थप अधिकारको रुपमा अन्य व्यक्तिहरु सरह समान रुपले अधिकारहरुको उपभोग गर्न सक्षम नभएसम्म सकारात्मक कदमहरुको रुपमा विशेष अधिकार तथा सुविधाहरुको व्यवस्था गर्नुपर्दछ । जसको फलस्वरुप त्यस्ता समुदायका सबै वर्गको सक्रिय र अर्थपूर्ण संलग्नतालाई सुनिश्चित गर्न सकिन्छ ।

स्थानीय निकायले निर्वाह गर्नुपर्ने दायित्व, कार्यलाई होस्टेमा हैंसे गर्न र स्थानीय निकायहरु (न.पा/गाविस) लाई आफ्नो दायित्व र जनमुखी सेवातर्फ केन्द्रित तथा सेवाको गुणस्तरलाई मजबुतीकरण गर्न नविनतम सोच, बिचार र उर्जा सहित स्थानीय निकायको समन्वयमा हातेमालो गर्दै विभिन्न प्रयासहरु सम्पन्न भएका छन् । यस्ता नवीनतम प्रयास समुदायस्तरमा कतिपय अवस्थामा जिविसद्वारा, विदेशी दातृ निकाय र स्थानीय सामाजिक संस्थाहरुमार्फत सञ्चालन भएका छन् । यसमध्ये एउटा दरिलो उदाहरण सहमति गैंडाकोट र एक्सन एड इन्टरनेशनल नेपालको साझेदारीमा सञ्चालित **लोकतन्त्र मजबुत बनाऔं कार्यक्रम**लाई लिन सकिन्छ । जसले स्थानीयस्तरमा गाविसदेखि जिल्लास्तरसम्म विभिन्न मौलिक अधिकारका मुद्दाहरुमा उठान गर्दै नीतिगत रुपमा पैरवी गर्दै यसलाई एउटा अभियानको रुपमा अगाडि बढाएका छन् । जसको फलस्वरुप स्थानीय स्तरमा देखिएका विभिन्न मुद्दाहरुप्रति स्थानीय महिला, पुरुष निकै चनाखो, खोजी गर्ने, समाधानको लागि सम्बन्धित निकायमा पहल गर्ने अभ्यासको शुरुवात भएको छ । जस्तै सामुदायिक अंक तालिका विधि मार्फत सेवा प्रदायकहरु र लाभग्राहीको संयुक्त आंकलन कार्यबाट स्थानीय स्तरका स्वास्थ्य, शिक्षा, कृषि क्षेत्रमा आमूल परिवर्तन भएको देख्न पाइन्छ भने स्थानीय स्तरमा भएका गाविसस्तरीय सामाजिक परिक्षण कार्य स्थानीय निकायको पारदर्शीता र सु–शासनकाको लागि एउटा राम्रो अभ्यासको रुपमा देखा परेको छ । चारवटा गाविसमा स्थापना भएका आठवटा रिफ्लेक्ट केन्द्रहरु स्थानीय बासिन्दाहरुको समस्या र अधिकारको बारेमा छलफल गर्ने थलो नै बनेको छ भने वडा नागरिक मञ्च र स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (एल.जि.सि.डि.पि.)का सहजकर्ताको समन्वयमा वस्तीस्तरीय योजना प्रक्रियामा पुऱ्याएको सहजीकरणको प्रयास र सो कार्यक्रमको मजबुतीकरणमा अतुलनीय योगदान मान्न सकिन्छ । त्यस्तै सामाजिक रुपान्तरणीय अभ्यासकर्मीहरुको जिल्ला भेला नमूना अभ्यासको रुपमा लिन सकिन्छ ।

यसरी कार्यक्रमले समाजका सबै वर्गको सक्रियता र अर्थपूर्ण संलग्नतालाई सक्षम तुल्याएर स्थानीय समुदायद्वारा अगुवाई गरिएको विकास मार्फत समावेशी स्थानीय लोकतन्त्र प्रवर्द्धन गर्न एउटा कोसेढुंगा सावित भएको छ । यस्ता राम्रा असल अभ्यासहरुलाई निरन्तरता दिनका लागि योजना र विषयवस्तुसँग सम्बन्धित विज्ञहरुको अनुगमन टोली बनाई परिणाममुखी अनुगमन प्रणाली अवलम्बन गर्न सकेमा समुदाय, गाविसलाई थप हौसला र सहयोग पाउनका साथै अन्य कार्यक्रममा पनि यस्ता सकारात्मक अभ्यासलाई सफल सिकाईको रुपमा अनुसरण गर्न सकिने कुरामा दुईमत छैन । ❒ ❒ ❒

# सामाजिक रुपान्तरण अभियानमा महत्वपूर्ण प्रयास

✍ नारायणी बास्तोला
फोकल पर्सन, लोकतन्त्र मजबुत बनाऔं कार्यक्रम, सहमति



स्थानीय स्तरमा हुने सबै किसिमका विकास निर्माणका कार्यक्रममा जनसमुदायको चासो पछिल्लो समयमा बढ्दो देखिन्छ । २०५२ सालबाट स्थानीय निकायको निर्वाचन हुन नसक्नु, जनप्रतिनिधि नहुनुले स्थानीय निकायमा सीमितवर्गको हातमा मात्र विकासका योजनाहरु बनाउने र त्यसलाई कार्यान्वयन गर्ने गरेको पाइन्छ । यसै अवस्थालाई मध्यनजर गर्दै नेपाल सरकार, स्थानीय मन्त्रालयले विभिन्न दातृ संस्थाहरुसँगको सहयोगमा स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP) देशभरी नै सञ्चालन गरी रहेको छ ।

नेपालको ३,९१५ वटै गाविसहरु र ५८ वटै नगरपालिकाहरुमा सञ्चालित यस कार्यक्रमले देशका नागरिकहरुको हक, हित र अधिकार मात्र हैन कर्तव्यप्रति पनि सचेत गराउँदछ । सबै वर्ग, संघसंस्था र लक्षित वर्गहरुको सहभागितामा आधारित वडा नागरिक मञ्चको संरचनाले गर्दा कार्यक्रमको प्रभावकारीता अझ बढी देखिन्छ । सहभागीतामूलक योजना तर्जुमा गर्न, त्यसलाई कार्यान्वयन गर्नका लागि उपसमितिहरु गठन गर्न नेपाल सरकारबाट प्राप्त सेवा, सुविधाका बारेमा जानकारी दिने यस कार्यक्रमले मूख्य भूमिका निभाएको हुन्छ ।

वडा नागरिक मञ्चको गठन पश्चात् सबै जनताले स्थानीय निकायका सबै किसिमका कार्यक्रमहरुमा सहभागी हुने एउटा पक्ष हो भने जनप्रतिनिधि विहिन अवस्थामा गाविस सचिवहरुलाई गाविसमा काम गर्न समेत सजिलो भएको छ ।

गाविसलाई पूर्ण सरसफाई, खुला दिशामुक्त क्षेत्र घोषणा, अन्य आईपर्ने कार्यक्रममा समेत गाविस कार्यालयले वडा नागरिक मञ्चलाई जिम्मा दिने गरेको पाइन्छ । जसले गर्दा काम चाडो र सजिलैसँग सम्पन्न भएका छन् ।

गाविसस्तरमा छलफल गरी गाविस भरीमा पछाडी परेको वडा छनौट गरी त्यसैमा सम्पन्नता स्तरीकरण गरी २५-३० जना, जो सामाजिक, आर्थिक, राजनैतिक हिसाबले पछाडि परेका छन् । त्यस्ता मानिसहरुको समूहलाई हप्तामा १ पटक २ घण्टा एकै ठाउँमा राखेर रिफ्लेक्ट विधिमार्फत् छलफल गरिन्छ । उनीहरु स्वतस्फूर्त रुपमा आफूहरु अरुभन्दा किन गरिब भयौ ? हामी के कारणले पछाडी पर्‍यौ ? जस्ता प्रश्नहरु माथि गहिरो छलफल गर्दछन् र त्यसलाई समाधानका उपायहरु पनि सामुहिक रुपमा नै निकाल्दछन् । यसरी विभिन्न सवालहरु माथि छलफल गर्दा उनीहरु आफ्नो परिचय ढुक्कसँग दिनसक्ने, ल्याप्चे हटाउ अभियान, स्वास्थ्य, शिक्षाको बारेमा छलफल, सामाजिक कुरितीहरु विरुद्ध आवाज उठाउने जस्ता ठाउँ अनुसारका सवालहरु उठाउने र त्यसलाई समाधान गर्नेतर्फ अग्रसर भएका छन् ।

LGCDP कार्यक्रम देशभरी सञ्चालन भईरहँदा Action Aid International Nepal ले पनि यस कार्यक्रमलाई अझ मजबुत बनाउनका लागि ४ वटा जिल्लाका १६ वटा गाविसमा लोकतन्त्र मजबुत बनाऔं भन्ने कार्यक्रम परिक्षणको रुपमा सञ्चालन गरेको छ । यस कार्यक्रमले स्थानीय स्तरको योजना तर्जुमामा अझै अग्रसर भई वस्तीवस्तीबाट योजनाहरु संकलन गर्ने त्यसलाई प्राथमिकिकरण गर्ने गर्दा गाविसमा हुने आ.व.को योजना संकलन कार्यक्रममा थाहा नपाउने वा पछाडी पारिएका समुदायको पनि उल्लेख्य सहभागीता भएको पाइन्छ । त्यस्तै गरी सरकारी सेवामा सबैको पहुँच, सूचनाका हक विषयमा सबै व्यक्ति जानकार भएपछि आफ्नो अधिकारका लागि आफैं आवाज उठाउने गरेको पाइन्छ । साथै स्थानीय निकायमा हुने कार्यक्रमहरुमा उल्लेख्य सहभागितामा हुने गरेको पाइन्छ ।

समग्रमा भन्दा स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमले स्थानीय निकायमा नागरिकहरुलाई सचेत गराउने, हक, हित र अधिकारकालाई आफै नेतृत्व गर्ने र नागरिकको हैसियतले गर्नुपर्ने कर्तव्यप्रति पनि सचेत गराएको छ । यस्तो किसिमको कार्यक्रमले निरन्तरता पाउँदै गएमा टोल, गाउँ र राष्ट्रको विकासमा सबैको सहभागिता र चासोको विषय बन्न पुग्दछ । ❐ ❐ ❐

कविता

## सहमति तिमी फर्किएर आऊ

✍ विष्णुदेवि पाण्डेय
सामाजिक परिचालक, LGCDP कार्यक्रम, त्रिवेणीसुस्ता गाविस

*सहमति तिमी फर्किएर आऊ*
*सहमति तिमी फर्किएर आऊ*

*अझ पनि नदी पारीको गाउँले डाँकी रहेको छ ।*
*न्याउलीको स्वरले बोलाईरहेको छ ।*
*सहमति तिमी फर्किएर आऊ२*
*वस्ती वस्तीका ती झुपडीको आँसु पुछ्न आऊ*

*नदीसँगै लहराउँदै मुस्कान छर्न आऊ*
*सहमति तिमी फर्किएर आऊ२*
*दलित र पिछडाको दुःख साट्न आउ*
*दन्किरहेको आगोलाई निभाउन आउ*

*सहमति तिमी फर्किएर आऊ२*
*क्षितीज पारीको गाउँमा पारिलो घाम बनेर आऊ*
*दुखेको घाऊमा लगाउने मलम बनेर आऊ*
*सहमति तिमी फर्किएर आऊ२*

# नमूना गाविसको रुपमा स्थापित गर्दै लोकतन्त्र मजबुत बनाऔं कार्यक्रम

✍ गणेश राज गिरी
जिल्ला संयोजक, लोकतन्त्र मजबुत बनाऔं कार्यक्रम, सहमति

लोकतन्त्र मजबुत बनाऔं कार्यक्रम अहिले नेपालको परिप्रेक्षमा अति महत्वपूर्ण कार्यक्रम रहेको छ । जसका कारण पनि छोटो समयको लागि नेपालको ४ वटा जिल्लामा नमूनाको रुपमा सञ्चालन भएता पनि यसको निरन्तरता र सकेसम्म सबै गाविसमा सञ्चालन हुन सकेको खण्डमा नेपालमा नै लोकतन्त्र मौलाउने थियो । जनप्रतिनिधि नभएको अवस्था र कर्मचारीले स्थानीय निकाय सञ्चालन गरेको अवस्थामा यस कार्यक्रमले गाविसका जनतालाई सुसूचित गर्ने, सूचना प्रवाह गर्ने, सचेतीकरण गर्ने कार्य निकै महत्वपूर्णका साथ गरेको छ । सरकारी सेवा, सरकारी कोष, गाविसको बार्षिक बजेट, हाम्रो गाविस, सामाजिक परीक्षण, वस्तीस्तरीय योजना प्रक्रिया, सामुदायिक अंक तालिका विधि, शिक्षा, स्वास्थ्य, कृषि, सूचनाको हक, समावेशीकरण जस्ता विषयहरुमा गाविसका जनताहरुमाझ गई सचेतीकरण गरिएको छ ।

कार्यक्षेत्रका ४ गा.वि.स.का ८ स्थानमा २०० भन्दा बढिको संख्यामा अति विपन्न र पछाडी पारिएका सदस्यहरुले आफुहरु पछाडी पार्नुको कारण, वस्तीको समस्याहरु, सरकारी सेवाहरु, सरकारी कोष, महिला हिंसा, घरेलु हिंसा, गाविसको बजेट, महिलाको कार्यबोझ, स्वास्थ्य सरसफाई, शिक्षा सेवा, कृषि सेवा, गाविसमा पाइने सेवा सुविधा, महिला अधिकार, बाल अधिकार आदिको बारे रिफ्लेक्ट केन्द्रमा छलफल गरेका छन् । विभिन्न समस्याहरुलाई साझा सवाल बनाई पीडितहरु संगठित भई समस्या समाधानका लागि सामूहिक पहल गर्दै रिफ्लेक्ट केन्द्रका सदस्याहरु अगाडि बढेको अवस्था छ ।

आम नागरिकलाई गाविस लगायत स्थानीय सरकारी तथा गैरसरकारी निकायहरुमा आउने बजेट, कार्यक्रम आदिको बारेमा थाहा नदिई बन्द कोठामा केही टाठाबाठा व्यक्तिहरुले कार्ययोजना बनाउने परिपाटिको अन्त्य हुँदै गाविस लगायत स्थानीय सरकारी तथा गैरसरकारी निकायहरुले आफ्नो कार्यको लेखाजोखा, आम नागरिक, पत्रकारहरुमाझ सार्वजनिक स्थान गरी नागरिक प्रति उत्तरदायि, पारदर्शी भएका छन् । स्थानीय सरकारी तथा गैरसरकारी संघ संस्थाहरुले जवाफदेही, पारदर्शी, उत्तरदायि हुने खालका कार्यक्रमहरु जस्तै सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, समीक्षा गोष्ठी, नागरिक वडा पत्र, सार्वजनिक परीक्षण आदि गर्ने कार्यको शुरुवात भएको छ र साथै यसलाई निरन्तरता दिने प्रतिबद्धता समेत आएको छ ।

गाविसमा लक्षित वर्गका लागि बजेट आउँदछ भन्ने थाहा नपाएको अवस्थामा कार्यक्रम अन्तर्गत गरिएको वस्तीस्तरीय योजना प्रक्रियाका कारण पछाडि परिएका, गरीब, महिला, दलितहरुले



समेत योजना प्रक्रियामा सक्रिय सहभागी हुने साथै उनीहरुको आवाजलाई सम्बन्धित निकायहरुले सुन्ने क्रम बढेको अवस्था छ । सरकारी सेवालाई प्रभावकारी र जनतामुखि बनाई गुणस्तरीय सेवा सञ्चालन गर्न, सरकारी निकायहरुमा जनताको चासो वृद्धि गराउन, सेवाप्रदायक र सेवाग्राहीबीच सुमधुर सम्बन्धका स्थापित गर्न, गाविसका विशेष गरी गरिब, सीमान्तकृत, दलितहरुको पहुँच बृद्धि गर्न सामुदायिक अंक तालिका विधिको प्रयोगबाट शिक्षा, स्वास्थ्य र कृषि सेवामा सुधार कार्यक्रमले मद्दत पुगेको छ । सार्वजनिक निकायहरुमा सूचनाको हकलाई महत्व दिनका लागि नागरिक वडा पत्र, सार्वजनिक सूचना प्रकाशन गरेका छन् । आम नागरिकलाई सूचना प्रवाह गर्ने हेतुले नयाँ र परिष्कृत जानकारीहरु पत्र पत्रिका, पत्राचार, रेडियो, टेलिभिजन, सूचना टाँस मार्फत सार्वजनिक गर्ने प्रवृत्तिको विकास भएको छ । सोही सूचनाको आधारमा आफ्नो अधिकार स्थापित गर्नका लागि नागरिकहरुले आ-आफ्नो तर्फबाट पहल गर्ने गरेको समेत पाईएको छ ।

लोकतन्त्र मजबुत बनाऔं कार्यक्रमको मुख्य उद्देश्य LGCDP कार्यक्रमसँगको समन्वय, सिकाई आदान प्रदान तथा त्यसको मजबुतीकरण भएको हिसाबले पनि सबै क्रियाकलापहरुमा जिल्ला तहदेखि गाविसका सामाजिक परिचालकसँग समन्वय गरी क्रियाकलापहरु सञ्चालन गरिएको छ । साथै लोकतन्त्र मजबुत बनाऔं कार्यक्रममा प्रयोग गरिने विधि, प्रक्रिया, सामाग्रीहरु LGCDP कार्यक्रम लगायत लोकतन्त्रलाई प्रबर्द्धन गर्ने संस्थाहरुलाई जानकारी गराई सामाग्रीहरु प्रयोगका लागि सामाग्रीहरु आदानप्रदान गरिएको छ ।

लोकतन्त्र मजबुत बनाऔं कार्यक्रम अन्तर्गत रहेको भिडियो, ऐनिमेशन, पोष्टर सहित डाटा सिडिमा रहेको हाते पुस्तिका र श्रोत पुस्तिका जिल्ला विकास समिति र LGCDP कार्यक्रम सञ्चालन गर्ने १० वटा स्थानीय सेवा प्रदायक संस्थाहरुलाई वितरण गरिएको र त्यसको प्रयोग रिफ्लेक्ट केन्द्र लगायत योजना प्रक्रियाहरुमा गरिएको पाइन्छ । जिल्ला विकास समितिले पनि उक्त भिडियो, ऐनिमेशनको क्लिप्सहरु आफ्नो तालिमको समयमा प्रस्तुत गरि सामाजिक परिचालकहरुलाई सहजिकरण गरेको कुरा समेतको जानकारी पाउँदा यसको प्रभावकारीता साँच्चिनै बढेको देखिन्छ । यस्तो श्रव्य, दृष्य सामाग्री, विधि, प्रक्रियाले समुदायका सबै साक्षर, निरक्षरलाई सहज बुझ्ने वातावरण हुने रहेछ जसका कारण पनि यसको प्रयोग अनि उपयोगिता बढ्दै गएको छ ।

*(बाँकी १३ पेजमा)*

# नवलपरासी जिल्लामा सामाजिक परिचालनको वर्तमान अवस्था

✍ सुनिल कुमार क्षेत्री
जिल्ला संयोजक, स्थानीय शासन तथा सामुदायीक विकास कार्यक्रम, नवलपरासी

नेपाल सरकारले भौतिक विकास मात्र विकास हो भन्ने परिपाटी त्याग्दै विकासको अर्को पक्ष सामाजिक विकासलाई समग्र विकासको एउटा महत्वपूर्ण पक्षका रुपमा लिएर यस्को विकासका निम्ति र समुदायको शासन प्रणालीमा प्रत्यक्ष सहभागीताको सुश्निचितताका लागि ४ (चार) बर्षे प्रथम चरणको स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमको शुरुवात भएको हो ।

शुरुमा जिल्लाका केही गा.वि.स.हरुमा कार्यक्रम लागू भएपछि सम्पूर्ण देशभरिका गाविसहरुमा संचालनमा रहेको यस स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम अर्न्तगतको सामाजिक परिचालन कार्यक्रम नवलपरासी जिल्लामा तिन चरणमा गरी सम्पूर्ण गाविसहरुमा संचालनमा आइसकेको छ । पछिल्लो चरणका गाविसहरुमा माकर, तम्सरिया र कावासोती रहेका छन् ।

यस कार्यक्रम अर्न्तगत गठन भएका वडा नागरिक मंचका प्रमुख कार्यहरुमा हाल निर्वाचित स्थानीय जनप्रतिनिधिहरु रिक्त रहेको अवस्थामा तलबाट माथि योजनाको बहावको सिद्धान्त अनुसार वडाका बस्तिस्तरमा माग भएका योजनाहरुलाई संकलनगरी वडा भेला आयोजनागरी प्राथमिकीकरण गरिएका मागहरुलाई स्विकृत गराई गाउँ विकास समितिको एकीकृत योजना तर्जुमा समितिमा पेश गर्नुपर्ने हुन्छ । यसरी गत आर्थिक वर्ष एकीकृत योजना तर्जुमा समितिमा पेश गरीएका कूल ११७५ मागहरुमध्ये एकीकृत योजना तर्जुमा समितिले ४,३१,८३,०७९ रकमको ६२१ योजनाहरु ०७०।७१ मा समावेश गरिएका छन् जुन अघिल्लो बर्षको तुलनामा क्रमिक सुधार भएको देखिन्छ । आफ्नो वडामा संचालित कार्यक्रमहरुको पारदर्शिता, जवाफदेहिता र गुणस्तरका बारेमा जानकारी तथा अनुगमन गर्ने कार्य प्रत्येक वडा नागरिक मंचहरुले गरिरहेका छन् । आफ्नो वडामा आईपर्ने विभिन्न समस्याहरु छलफल गरी समाधानका लागि प्रयासरत वडा नागरिक मञ्च प्रभावकारी रुपमा विकासका हरेक कार्यहरुमा संलग्न भएको छ ।

सामाजिक परिचालन कार्यक्रम अर्न्तगत संचालित गाविसको स्रोत वितरणमा सबैभन्दा न्यून पहुच रहेको वडाको पिछडिएको वस्तिमा २० देखि ३० जनाको रिफ्लेक्ट विधिबाट छलफल हुने समुह हप्ताको १ पटक सामुहिक छलफलबाट समुहमा पर्ने सबै समस्याहरुको समाधानका लागि कार्ययोजनासहितको खाका तयार पारी त्यसलाई कार्यन्वयन गर्दछ । यसरी आफ्नो समस्या आफैले छलफल गरी समाधानका लागि कार्ययोजना तयार पारी त्यसको कार्यन्वयनमा पनि आफ्नै संलग्नताले गर्दा सम्पूर्ण समुदायको आत्मबल बढ्नुकासाथै राज्य मेरो पनि हो र नागरिकका हैसियतले यसको विकासमा मेरो पनि उत्तिकै हिस्सा छ भन्ने भावनाको विकास भएको छ । समुदायका सबैभन्दा पिछडिएका मानिसहरुको सक्रिय सहभागिताले अन्य बस्तीका मानिसहरुमा पनि जागरण आई समुदायको समग्र विकासमा यसको योगदान रहेको कुरा नकार्न सकिदैन ।



सामाजिक परिचालनका साथसाथै आर्थिक विकासका निम्ति नवलपरासीका सबै गाविसहरुको वर्गिकरण बाट घ श्रेणीमा परेका २० गाविसहरुका लागि प्रति नागरिक सचेतना केन्द्र एक लाखका दरले घुम्तीकोष पनि रहेको छ । उक्त घुम्तीकोषको सहयोगले नागरिक सचेतना केन्द्रका सदस्यहरुले थप आम्दानीका स्रोतहरु पहिल्याई लगानी मार्फत आफ्नो आर्थीक क्षमता एवं आय आर्जन अभिवृद्धि हुने अपेक्षा राखिएको छ ।

यसरी नवलपरासी जिल्ला सामाजिक परिचालन मार्फत मानवीय विकासको एउटा पाटो सामाजिक विकास गरी सम्पूर्ण जिल्लालाई विकासको सुचिमा अग्रस्थानमा ल्याउन प्रयासरत रहेको छ । ❒ ❒ ❒

## हार्दिक शुभकामना



GIZ अन्तर्गत नागरिक शान्ति सेवा (Civil Peace Service) बाट **द्वन्द्व रुपान्तरण र सम्वाद परियोजना**को लागि शान्ति सहजकर्ताको रुपमा संस्थामा आउनु भएकी Kristin Cain को कार्यसफलता तथा उत्तोरत्तर प्रगतिको हार्दिक शुभकामना ।

**अध्यक्ष, सहमति**

# समुदायको सर्वाङ्गीण विकास केन्द्रित कार्यक्रम

✍ होमराज रानाभाट
सभापति, नेपाल पत्रकार महासंघ, नवलपरासी

समाज परिवर्तनको मनोकांक्षा बोकेर ग्रामीण क्षेत्रमा सामाजिक सेवा प्रदान गर्ने उद्देश्यबाट परिकल्पना गरिएको लोकतन्त्र मजबुत बनाऔं कार्यक्रम र यसको महत्वले यो कार्यक्रम सञ्चालन गरिएका गाविसको सर्वाङ्गीण हितमा ठूलो प्रभाव पार्न सफल भएको मान्नुपर्दछ ।

समाज परिवर्तन सजिलो छैन, हरेकका चाहना, आवश्यकता र मनोकांक्षा असिमित छन् । सरकारी चाहना र आवश्यकताले मात्रै हाम्रो जस्तो अल्पविकसित मुलुकमा बस्ने हामी नेपालीहरुको सबै चाहना पूरा हुन सक्दैनन् र सामाजिक भावनाले प्रेरित थुप्रै गैरसरकारी निकायहरुले समाजका धेरै क्षेत्रमा पुऱ्याएको योगदानले राष्ट्रको विकासमा प्रतिकूल प्रभाव पारिरहेको छ ।

सहमति, गैंडाकोट र एक्सन एड इन्टरनेशनल नेपालको साझेदारीमा सञ्चालित लोकतन्त्र मजबुत बनाऔं कार्यक्रम लागू भएका गाविसका जनताको जीवनस्तर कार्यक्रम लागू हुन भन्दा अघि र कार्यक्रम लागू भएपछिको अन्तरालमा धेरै परिवर्तन देखिएका छन् । जसका कारण सामाजिक भावनाको विकासमा कार्यक्रम केन्द्रित हुनु यसको सकारात्मक पक्ष मान्नुपर्दछ ।

गाउँवस्तीमा बसोबास गर्ने नागरिक र विशेषगरी गरिब र सीमान्तकृत महिला तथा पुरुषको जीवनमा सुधार ल्याउन राम्रोसँग काम गर्ने र संस्थागत स्थानीय लोकतन्त्र र सरकारी सेवाहरुको गुणात्मक सुधारमा वृद्धि गर्ने उद्देश्यबाट प्रेरित लोकतन्त्र मजबुत बनाऔं कार्यक्रमले जिल्लाको देउराली, नारायणी, कुडिया र त्रिवेणीसुस्ताको स्थानीयस्तरमा यसले सकारात्मक सन्देश प्रवाह गर्न सफल भएको मान्नुपर्दछ ।

स्थानीयस्तरमा जनप्रतिनिधि नहुँदा हरेक क्षेत्रको विकास निर्माणदेखि सबै संरचनामा नकारात्मक प्रभाव परिरहेको सन्दर्भमा लोकतन्त्र मजबुत बनाऔं कार्यक्रमले नयाँ सन्देश दिन खोजेको छ । प्रत्येक वडामा वडा नागरिक मञ्च गठन, रिफ्लेक्ट कक्षा सञ्चालन, वस्तिवस्तीमा गई योजना प्रक्रियामा तल्लोस्तरको बढी प्रतिनिधित्व गराउने, गाविसमा रहेका सबै सरकारी तथा गैरसरकारी निकायको सामाजिक परीक्षण सार्वजनिक हुने गरेको, शिक्षा, स्वास्थ्य र कृषि सेवाको सुधारमा सकारात्मक र जीवन उपयोगी कार्यक्रमहरु सञ्चालन हुनुले पनि यो कार्यक्रमको लोकप्रियता बढेको देखिनु नै समाज परिवर्तनको आधारशीला हो भन्न सकिन्छ ।

दुईवर्ष ६ महिनामा यसले कर्यक्रम लागू भएका गाविसमा सकारात्मक छाप छोड्न सफल भएको देखिन्छ । अति विपन्न र पछाडी पारिएका, पछाडी पार्नुको कारण, वस्तीवस्तीका समस्या, सरकारी सेवा, सरकारी कोष, महिला हिंसा, घरेलुहिंसा, गाविसमा जाने बजेट, महिलाको अवस्था, स्वास्थ्य सरसफाई, शिक्षा, कृषि, महिला अधिकार, बालअधिकारका क्षेत्रमा कार्यक्रम केन्द्रित हुनुले पनि सामाजिक चेतनाको विकासमा दूरगामी प्रभाव पार्न सक्ने देखिन्छ ।



कार्यक्रम समाजको आमूल परिवर्तनमा केन्द्रित भएको देखिन्छ । जसका कारण अति विपन्न, पिछडिएको र पछाडी पारिएको वर्गको हक, हित र उन्नतिमा अग्रसरता लिएको देखियो, जसबाट समाजमा सकारात्मक सोचको प्रभाव परेको छ ।

नागरिक एउटै दर्जाको भएपनि तिनलाई हेर्ने दृष्टिकोण दोहोरो भई दिंदा हामी पछाडी पर्दै गएका हौं । त्यसैले पनि यसलाई चिरा पार्दै अति विपन्न वर्गको सहभागितालाई राज्यको पहुँच पुग्ने ठाउँमा पुऱ्याउन कार्यक्रमले ठूलो मद्दत मिलेको छ ।

जिल्लाभरी आवश्यक श्रोत र साधनको परिचालन गरेर यस्ता कार्यक्रमलाई अघि बढाउन सके नवलपरासीले काँचुली फेर्ने सम्भावनातर्फ सबैको ध्यान जानु जरुरी छ । लोकतन्त्रलाई संस्थागत गर्नका लागि आम नागरिकले स्थानीय सरकारी निकायहरुको सुधारका लागि चासो दिनुको साथै सेवाका सुधारमा अग्रसरता लिनुपर्दछ । गाविसले सुशासन कायम गर्ने खालका क्रियाकलापहरु नियमित रुपमा सञ्चालन गर्नुपर्ने हुन्छ, लक्षित वर्गका लागि गाविसबाट विनियोजित हुने बजेट सोही उद्देश्यका लागि खर्च गरिनुपर्ने जस्ता थुप्रै विषयमा हरेक नागरिकले चासो राखेमा पनि यो कार्यक्रमको प्रभावकारीता र जवाफदेहिता आउँदा दिनमा अझै बढ्ने देखिन्छ ।

समाजको रुपान्तरणमा लोकतन्त्र मजबुत बनाऔं कार्यक्रमले खेलेको भूमिका र सहयोगबाट सबैले पाठ सिक्नुपर्ने छ । जसले समाजको आमूल परिवर्तनमा चासो दिंदै आएको छ, सही र तथ्यपरक विश्लेषण आजको आवश्यकता हो, समाजलाई परिवर्तन गर्ने सोच बनाउने जो कसैलाई पनि पुरस्कृत र समाज विथोल्नेलाई दण्डित गर्दै जाने परम्परा बसालियो भने मात्रै पनि समाजको उन्नतिमा ठूलो टेवा पुग्न जान्छ ।

सकारात्मक चिन्तन, सामुहिक भावना र सामाजिक उद्देश्यले अघि बढ्ने सद्भाव सबैमा निरन्तर रहनुपर्दछ । आजको आवश्यकता पनि यहि हो र हुनुपर्दछ ।

❐ ❐ ❐

## विकास निमार्ण कार्यमा पिछडिएका समुदायहरु

✍ गोपालप्रसाद भट्टराई
सचिव एवं अध्यक्ष, त्रिवेणी सुस्ता गाविस,
त्रिवेणीधाम, नवलपरासी



सहमति गैंडाकोटले विगत १८ (अठार) महिनादेखि यस त्रिवेणी सुस्ता गाविसमा "लोकतन्त्र मजबुत बनाऔं" कार्यक्रम अन्तर्गत स्थानीय निकाय र अन्य सेवा प्रदाय सरकारी एवं गैरसरकारी संस्थाहरुमा सुशासन र जवाफदेहिताको बारेमा सचेत गराउने जुन कार्य गऱ्यो अन्तत प्रभावकारी र प्रशंसनीय रह्यो, जसका लागि सर्वप्रथम म सहमति संस्था र त्यसमा कार्यरत सहजकर्ताहरुलाई विशेष धन्यवाद र प्रशंसा गर्न चाहन्छु ।

नवलपरासी जिल्लाको दक्षिण पूर्वमा अवस्थित त्रिवेणी सुस्ता गाविसमा मधेशी र पहाडी जनसमुदायको मिश्रित बस्ती रही आएको छ । यहाँको बासिन्दाहरुको शिक्षा र स्वास्थ्यमा चेतना अभाव रहेको कारण आफ्ना हक, अधिकार प्राप्तिका लागि आफ्ना आवाजहरु कहाँ, कसरी पुऱ्याउने भन्ने बारेमा अनभिज्ञ रहि आएका थिए । जब सहमति संस्था गैंडाकोटद्वारा "लोकतन्त्र मजबुत बनाऔं" कार्यक्रम स्थानीय लोकतन्त्रको मजबुतीकरणका साथै दलित र लक्षित वर्गहरुको वस्ती र टोलटोलमा पुग्यो र साक्षरता अभियानहरु सञ्चालन गऱ्यो । तत् पश्चात् यहाँको पिछडिएका वर्गहरुमा आफ्ना हक, अधिकारको लागि स्थानीय निकाय गाविस र अन्य सेवा प्रदायक संस्थाहरुको ढोका ढकढकाउन थाले त्यसको परिणाम स्वरुप आफूहरुलाई राज्यद्वारा उपलव्ध गराइएको सेवा, सुविधाहरु लिन सफल भए ।

यस त्रिवेणी सुस्ता गाविसमा लक्षित वर्गहरु पनि योजना छनौट प्रक्रियामा सामेल हुन थालेका छन् । टोल र वस्ती स्तरमा भेला गराई आफ्नो वस्तीमा अत्यावश्यक योजनाहरु छनौट गरी वडा भेलामा पेश गर्न प्रक्रिया शुरुवात गरेका छन् । वडा भेलाबाट पारित योजनाहरु गाविसस्तरीय योजना छनौट तर्जुमा समितिमा पेश गर्छन् । एकिकृत योजना छनौट समितिले वडा स्तरबाट छनौट भएका योजनाहरुलाई व्यापक छलफल गराई प्राथमिकता अनुसार गाविस वडा बैठकमा पेश गर्छन् । गाविसको बैठकले सो योजनाहरु पारित गरी गाउँ परिषद गराई गाविसले त्यसलाई कार्यान्वयन गर्नेगर्छ । यसरी हेर्दा योजना छनौट प्रक्रिया अत्यन्त पारदर्शी र लोकतान्त्रिक छ । यही प्रक्रियामा लक्षित वर्गहरुलाई सामेल गराउने अभियानमा पनि सहमति संस्थाले उल्लेखनीय भूमिका निर्वाह गऱ्यो । जसले गर्दा आज गाविसमा रहेका पछाडी पारिएका वर्गहरु समेत हरेक विकास निर्माण कार्यहरुमा सहभागी हुन थालेका छन् ।

अन्तमा यस त्रिवेणी सुस्ता गाविसमा सहमति गैंडाकोटले यहाँको जनताहरुको जसरी मन जित्न सफल रह्यो । त्यसैगरी आगामी दिनमा अझ प्रभावकारी कार्यक्रम ल्याई पुन यस गाविसमा सेवा गर्न आग्रह गर्दै यस त्रिवेणीसुस्ता गाविसको तर्फबाट र म स्वयं गाविस सचिव एवं अध्यक्ष मार्फत सहमति संस्थाको उत्तरोत्तर प्रगति एवं शुभकामना व्यक्त गर्न चाहन्छु । ❑ ❑ ❑

## शिक्षामा आमूल परिवर्तन ल्याएको कार्यक्रम

✍ रामचन्द्र पोखरेल,
स्थानीय समाजसेवी, कुडिया-४, नवलपरासी



वास्तवमा साँच्चै भन्ने हो भने हाम्रो नवलपरासी जिल्लाको दक्षिण पूर्वी क्षेत्र कुडिया गाविसमा सहमति संस्थाले लगभग १८ महिना जति "लोकतन्त्र मजबुत बनाऔं" भन्ने नाराका साथ शिक्षा क्षेत्रमा जे, जस्ता कामहरु भए ति ज्यादै सह्रानीय छन् ।

यस कुडिया गाविसको वार्ड नं. ८ मा रहेको श्री महेन्द्र मा.वि. त्यस्तै वार्ड नं. ९ मा रहेको नारायणी गण्डकी नि.मा.वि., त्यस्तै वार्ड नं. ४ मा रहेको श्री शिव शम्भु प्रा.वि. कुडिया, वार्ड नं. ८ मा रहेको मदरसा स्कूलहरुले आजसम्म आ-आफ्नो खर्च फाँटवारी लेखापरीक्षण रिपोर्ट कहिल्यै सार्वजनिक गरेका थिएनन् । कतिपय विद्यालयमा श्रोत व्यक्तिको इसारामा विद्यालय व्यवस्थापन समिति र प्रधानअध्यापकले अन्य शिक्षकहरु माथि थिचोमिचो गर्ने, अलिकति आवाज उठाएमा विद्यालयबाट निष्काशन गरिदिने, धम्की दिने, कयौं महिनादेखि अस्थायी शिक्षकहरुलाई तलबै नदिने, खाजा, भत्ता र छात्रवृत्ति ७, ८ महिनासम्म नदिई रहेको अवस्था थियो भने यस कार्यक्रम अन्तर्गत शिक्षा सेवामा सुधारका लागि गरिएको प्रयासले यस क्षेत्रमा आएर शिक्षामा सुधार ल्याउने क्रममा प्रत्येक विद्यालयमा शिक्षक, अभिभावक, प्र.अ., वि.व्य.समिति समेतको वृहत भेला गराई विद्यालय गतिविधि, पढाइको गतिविधि, आयव्ययको अवस्था आदिमा व्यापक अन्तर्क्रिया तथा पटक पटक छलफल गराएर विद्यालयमा भएका कमि, कमजोरी हटाई आयव्यय तथा प्रगति सार्वजनिक गर्नुपर्ने अवस्थाको सृजना गरी अनुगमन समिति गठन मार्फत जे, जस्ता परिवर्तनहरु देखाए, त्यसबाट भएको उपलव्धी र विद्यालयमा आएको सुधारबाट हामी अति नै प्रभावित भएका छौं त्यसकारणले पनि सहमति गैंडाकोटलाई धेरैधेरै धन्यवाद नदिई रहन सक्दैनौ । त्यतिमात्र हैन यहाँका वार्ड नं. ९ र ४ का टोलटोलमा महिला समूह गठन गरी निरक्षर गृहिणीहरुलाई साक्षर बनाई सभा, समारोहमा बोल्न सक्ने क्षमताको समेत विकास भएको छ । आफ्नो चुलो, चौका, घाँस, दाउरा र मेलापात गई अर्काको मजदूरी गरी गुजारा चलाउने विपन्न परिवारका महिलाहरुमा नेतृत्व विकास भएको छ । सभा, समारोहमा गई बोल्न सक्ने क्षमताको विकास सहमति गैंडाकोटबाट भएकोले यो ज्यादै पछाडी परेको क्षेत्रमा आएर भाषा नै अर्कै भएको अप्ठ्यारो परिस्थितिलाई पनि सहजिकरण गरी यति राम्रो प्रगति गरेकोमा यस क्षेत्रका हामी सामाजिक कार्यकर्ता सहमति संस्थालाई मुरीमुरी धन्यवाद दिंदै फेरी फर्की आएर यस्तै दुरदराजका हाम्रा अशिक्षित नेपाली नागरिक तथा विपन्न वर्गका पीडित महिला तथा दाजुभाइहरुमा समेत जागृति ल्याई पिछडा समाजलाई लोकतन्त्र उन्मुख गराउनमा प्रयत्न हुनेछ भन्ने पूर्ण विश्वास र भरोसाकासाथ धन्यवाद दिन चाहान्छु । ❑ ❑ ❑

# तथ्याङ्कमा सहमति

| क्र.सं | कार्यक्रमको नाम | साझेदार संस्था | कार्यक्षेत्र | | लाभान्वित घरधुरी | लाभान्वित संख्या | | | | | | कर्मचारी | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | जातियताको आधारमा | | | | लिङ्ग र बर्षको आधारमा | | | |
| | | | कार्यरत जिल्ला | कार्यक्रमले समेटेको गाबिसहरु | | दलित | जनजाति | अन्य | जम्मा | महिला | युवा | महिला | पुरुष |
| **क. साझेदारी कार्यक्रम** | | | | | | | | | | | | | |
| १ | समुन्नति कार्यक्रम | अक्सफाम हङ्कङ्ग | नवलपरासी कपिलवस्तु | नवलपरासी-७ कपिलवस्तु-१ | ४२८० | ६५० | ४११५ | ६२० | ५३८५ | ४८८५ | | ५ | ५ |
| २ | ग्रामीण युवा विकास कार्यक्रम | आबु इन्टरनेशनल | नवलपरासी | पहाडि भेगका ४ गा.वि.स. | १९०६ | ७५० | ११११५२ | ६७० | १२५७२ | ४९९८ | ५७८६ | ४ | ६ |
| ३ | लघुवित्त तथा युवा संस्थाहरुको संस्थागत क्षमता अभिवृद्धि कार्यक्रम | प्लान नेपाल | सिन्धुली | २० गा.वि.स. | १७१२० | १९४८ | ९७४३ | ५४२९ | १७१२० | १७१२० | ११११३३ | ७ | ६ |
| ४ | लोकतन्त्र मजवुत बनाऔं कार्यक्रम | एक्सन एड नेपाल | नवलपरासी | ४ गाबिस | ४७४७ | २६३६ | १७७७१ | ६११६ | २६,५२३ | १२१०० | | ११ | २ |
| ५ | स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम | जिविस नवलपरासी | नवलपरासी | ७ गा.वि.स. | १६,३८२ | ९७८७ | ३६,०३० | ४६०३७ | ९१,८५४ | ४६,२०८ | | ७ | १ |
| ६ | रोजगार सेवा केन्द्र | जि.आइ.जेट/एस.टि.पि.पि | नवलपरासी, चितवन, कपिलबस्तु, मकवानपुर र रुपन्देहि | कार्यक्षेत्रका सम्पूर्ण व्यावसायिक दक्ष तालिम प्राप्त पूर्व माओवादी लडाकू र वरिपरी समुदायका युवाहरु | | | | | | | | १ | १ |
| ७ | दलित तथा अपाङ्गता भएका समुदायमा केन्द्रित स्वावलम्बी समूहहरु तथा महिला सहकारीहरुको प्रवर्द्धन कार्यक्रम | प्लान नेपाल | बाग्लुङ्ग, म्याग्दी | १८ गा.वि.स. | ७३९७ | ३७४५ | १२८८ | ३६३५ | ८६६८ | ८६६८ | - | ६ | २३ |
| ८ | किशोरि शक्ति परियोजना | प्लान नेपाल | म्याग्दी | २० गा.वि.स. | ४६३५ | १५१७ | ३१६९ | ९८४ | ५६७० | ५७७ | १०५७ | १२ | २६ |
| ९ | अमिलो जातका फलफुलहरुको बजार प्रवर्द्धन परियोजना | लुथरन वर्ल्ड रिलिफ | नवलपरासी | २ गा.वि.स. | दोस्रो चरण अन्तर्गत कार्यक्रम भर्खरै शुरवात भएकोले तथ्याङ्क आई नसकेको | | | | | | | १ | २ |
| **ख. केन्द्रीय कार्यालय** | | आन्तरिक | नवलपरासी | | | | | | | | | १ | ८ |
| | **जम्मा** | - | ८ जिल्ला | ८३ गा.वि.स. | **५६४६७** | **२१०३३** | **८३२६८** | **६३४९१** | **१६७७९२** | **९४५५६** | **१७९७६** | **५५** | **८०** |

# कार्यक्रम गतिविधि

### सहमतिले आफ्ना कार्यक्रमहरुलाई २ कार्यगत विषयमा विभाजित गरेको छ ।

**विषयगत क्षेत्र-१ मा सामाजिक परिचालन र सामुदायिक विकास रहेको छ, जस अन्तर्गत निम्न साझेदारी कार्यक्रमहरु रहेका छन् ।**

### समुन्नति कार्यक्रम नवलपरासी, कपिलवस्तु

ग्रामीण स्वावलम्बन प्रयासहरुको प्रवर्द्धन (समुन्नति) कार्यक्रम गत सन् २००५ मार्च महिनादेखि शुरु भएको अक्सफाम हङ्कङ्सँगको साझेदारीमा सञ्चालित कार्यक्रम हो । समुदायको सशक्तिकरणद्वारा संकटासन्नता न्यूनीकरण गर्दै दीगो जीविकोपार्जनमा सहयोग पुऱ्याउने, जसले गुणस्तरीय जीवन र समुदायको सम्पन्नतालाई आफ्नो लक्ष्य बनाएको छ ।

- नयाँ थप भएका २ वटा गाविस मिथुकरम तथा रुचाङ्ग गाविसको आधारभूत अवस्था अध्ययन कार्य पूरा भई प्रतिवेदन लेखन कार्य प्रारम्भ ।
- दुई वटा सहकारीमा महिला नेतृत्व तालिम सम्पन्न ६० जनाको सहभागिता रह्यो ।
- ३ जना स्थानीय सामुदायिक सहजकर्ता रिफ्लेक्ट TOT तालिममा सहभागी । समूहमा प्रभावकारी सहजिकरणको थालनी ।
- समुन्नति कार्यक्रम अन्तर्गत सबै कर्मचारीहरुका लागि जनवकालत तालिम सम्पन्न । खाद्य अधिकारका सवालमा जनवकालत कार्ययोजना तयार ।
- जौवारी, भारतीपुर, मिथुकरममा शौचालय निर्माणमा पूरक सहयोग, ३५ वटा शौचालय निर्माण ।
- भारतीपुर, जौवारी, अर्खलामा साना सिञ्चाई मर्मत सहयोग, ८० घरका कृषक लाभान्वित २०० रोपनीमा सहज सिञ्चाई सुविधा ।
- रुचाङ्ग, अर्खला, मिथुकरममा कम्तिमा २०० घरधुरीमा नमूना करेसा सहयोग । हरिया तरकारीमा सर्वसुलभ पहुँच साथै ७०,००० बराबरको बिक्री ।
- भारतीपुर गाविसमा ४ वटा १ दिने बाख्रा तथा बंगुरपालन पुर्नताजगी तालिम सम्पन्न, १२० जना सहभागी ।
- ३ वटा गाविसमा नरम, भारतीपुर र जौवारीमा १/१ दिने कृषि/पशु बजारीकरण गोष्ठी सम्पन्न । कूल १०० जना कृषक सदस्यको सहभागीता, स्थानीय बजार सृजना र पहिचानमा सहयोग । नयाँ थप भएको २ वटा गाविस रुचाङ्ग र मिथुकरममा खाद्य सुरक्षा र जीविकोपार्जनको अवस्था अध्ययनको पूर्व तयारी कार्य सम्पन्न, तथ्यांक संकलन कार्य पूरा ।

### लघुवित्त तथा युवा संस्थाहरुको संस्थागत क्षमता अभिबृद्धी कार्यक्रम, सिन्धुली

सहमति र प्लान नेपाल, सिन्धुलीद्वारा सञ्चालित लघुवित्त तथा युवा संस्थाहरुको संस्थागत क्षमता अभिवृद्धि कार्यक्रम सन् २०१० देखि सिन्धुलीको २० गा.वि.स.मा सञ्चालन गरिएको छ । सिन्धुलीको

पहाडी भेगमा रहेका ग्रामीण महिलाहरुको सामाजिक तथा आर्थिक सशक्तिकरण, पारिवारीक, सांस्कृतिक विकास गरी समग्र गुणस्तरीय जीवनमा योगदान गर्दै ग्रामीण महिला समूह, सहकारीको संस्थागत क्षमता विकास गर्ने कार्यक्रमको लक्ष्य रहेको छ ।

- कार्यक्षेत्रमा ४ चरणको सहकारी व्यवस्थापन तालिम, ४ चरणको सहकारीको व्यवसायीक योजना तर्जमा गोष्ठी, ३ चरणको युवा महिला संस्था व्यवस्थापन तालिम, १ चरणको जिल्ला बचत तथा ऋण सहकारी संघको व्यवसायीक योजना तर्जमा गोष्ठी, १ चरणको युवा महिला संस्था अध्ययन भ्रमण, २ चरणको युवा महिला संस्थाहरुको लागि नेतृत्व विकास तालिम, ५ चरणको युवा महिला सवाल बिषयक अन्तरक्रिया सम्पन्न भएका छन् । फलस्वरुप ४ वटा महिला सहकारी संस्थाहरुमा तिन बर्षे व्यवसाय योजना निर्माण एवं कार्यन्वयन भएको छ । जिल्ला बचत तथा ऋण सहकारी संघले ५ बर्षे रणनैतिक तथा व्यावसायिक योजना तयार गरी कार्यन्वयनमा ल्याएको छ । कार्यक्रमबाट आयोजित विभिन्न तालिम, अध्ययन भ्रमण तथा गोष्ठीबाट कार्यक्षेत्रका ७१४ जना महिलाहरुको क्षमता विकास भएको छ ।
- कार्यक्षेत्रमा ११ वटा नयाँ महिला समूहरुको गठन भएको छ जसमा ३६८ युवा महिला र महिलाहरुको सहभागिता रहेको छ ।
- २० वटा महिला सहकारीहरुमा यस अवधिमा ३६५ जना नयाँ शेयर सदस्यहरुको प्रवेश भएको छ । सहकारीहरुमा यस अवधिमा रु १२,१४,०००। शेयर पूँजी र रु ३२,१०,०००। बचत रकम संकलन भएको छ । बर्तमान अवस्था अनुसार २० वटा महिला सहकारीहरुमा हाल १६०४२ शेयर सदस्यहरु रहेका छन भने रु १,४७,०८,०००। शेयर पूँजी र रु २,९४,४४०,०००। बचत रकम संकलन भएको छ । सहकारीहरुमा जम्मा रु ५,६८,३९,०००। बराबरको कारोबार रहेको छ ।
- कार्यक्षेत्रका ५ वटा गा.वि.स.हरुमा कार्यक्रमको सहयोगमा युवा महिला सूचना केन्द्रको स्थापना भएको छ ।
- कार्यक्षेत्रका ९९९ महिला समूह, २० वटा महिला सहकारी संस्थाहरु, १ वटा बचत तथा ऋण सहकारी संघ र २० वटा युवा महिला संस्थाहरु र एउटा जिल्ला युवा महिला संजालको संस्थागत विकासका लागि कार्यक्रमले निरन्तर परामर्श र सहजिकरण प्रदान गरिरहेको छ ।

## लोकतन्त्र मजबुत बनाऔं कार्यक्रम, नवलपरासी

समाजका सबै वर्गको सक्रिय र अर्थपूर्ण संलग्नतालाई सक्षम तुल्याउने, स्थानीय समुदायद्वारा अगुवाइमा गरिएको विकास मार्फत समावेशी स्थानीय लोकतन्त्रको प्रवर्द्धन गर्नु हो । एक्सन एड नेपाल तथा Danida HUGOU को संयुक्त लगानीमा यो परियोजना सञ्चालित छ ।

- सरकारी सेवामा सुधारका लागि सामुदायिक अंक तालिका विधिको प्रयोगद्वारा गरिएको प्रयासले सरकारी सेवामा पहुँच बृद्धि भएको छ, सेवाप्रदायक संस्थाहरुले पनि आम नागरिकको जनभावना अनुसार सेवा प्रदान गरेका छन्, स्वास्थ्य, शिक्षा र कृषि सेवाबाट पाइने निशुल्क र प्राविधिक सेवाको बारेमा जानकारी पाएका छन्, सरकारी सेवाको बारेमा जानकारी हाँसिल गरी सेवाप्रति चासो बृद्धि भएको छ तथा सेवाप्रदायक र सेवाग्राही बीच सुमधुर सम्बन्धको विकास भएको छ ।
- नारायणी गाविसमा सञ्चालित शहरी सामुदायिक छलफल केन्द्र र सेतापानी सामाजिक छलफल केन्द्रका सदस्यहरुले खाजा वापतको पैसा जम्मा गरी कुसन बुन्ने तालिम सिकेका छन् । एक वटा रिफ्लेक्ट केन्द्रबाट ८/८ जनाको दरले सदस्यहरुबाट ५ दिने तालिम सम्पन्न गरेका छन् साथै तालिममा सिकेको कुरालाई रिफ्लेक्ट केन्द्रका बाँकी तालिम नलिएका सदस्यहरुलाई समेत तालिम सिकेकाहरुले सिकाएका छन् ।
- त्रिवेणीसुस्ता वडा नं. ७ मा सञ्चालित गाईडवान समूह बैठक (रिफ्लेक्ट केन्द्र) सदस्यहरु भत्किएको चौतारोमा छलफल गर्दै आएका थिए । विभिन्न छलफलको क्रममा उनीहरुले बस्ने स्थानलाई व्यवस्थित बनाई छलफल गर्नुपर्दछ भन्ने हेतुले हाल खाजाको पैसा संकलन, श्रमदान, वस्तीका सबैसँग सहयोग संकलन तथा गण्डक नहरको सहयोगमा चौतारोलाई मर्मत सम्भार पक्की चौतारो निर्माण गरेका छन् । निर्माण पश्चात हाल उनीहरु सोही चौतारोमा रिफ्लेक्ट नियमित सञ्चालन गर्दै आएका छन् ।
- वडा नागरिक मञ्च, नागरिक सचेतना केन्द्र/रिफ्लेक्ट केन्द्र, उपभोक्त समिति, अनुगमत तथा मूल्यांकन समितिको क्षमता अभिबृद्धिका लागि सञ्चालन गरिएको अभिमुखीकरण कार्यक्रमले सम्बन्धित क्षेत्रका प्रतिनिधिहरुलाई आफ्नो काम, कर्तव्य, अधिकारमा स्पष्टता आएको छ । साथै आगामी दिनहरुमा वडा नागरिक मञ्च, नागरिक सचेतना केन्द्र/रिफ्लेक्ट केन्द्र, उपभोक्त समिति, अनुगमन तथा मूल्यांकन समितिलाई संस्थागत गरी स्थानीय लोकतन्त्रको मजबुतीकरणका लागि आ-आफ्नो क्षेत्रबाट अगाडी बढ्नको लागि मार्गदर्शन मिलेको छ ।
- स्थानीय संघ संस्थाहरु जफावदेही, पारदर्शी, उत्तरदायि हुनका लागि सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई कार्यक्रमहरु सञ्चालन गर्ने प्रवृत्तिको विकास भएको छ । कार्य क्षेत्रका ४ वटै गाविसले सामाजिक परीक्षण र ३ वटा गाविसले सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न गरेका छन्, जबकी DDP कार्यक्रम सञ्चालन पूर्व समीक्षा बैठकलाई नै सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण कार्यक्रमको रुप दिने प्रवृत्ति थियो । साथै उक्त कार्यक्रमहरुमा जनसहभागिताको बृद्धि भएको छ भने सम्बन्धित निकायलाई विभिन्न प्रश्नहरु राख्ने कार्य गरेका छन् ।

## ग्रामीण युवा विकास कार्यक्रम, नवलपरासी

सहमति र AWO International, Germany सँगको साझेदारीमा सञ्चालित ग्रामीण युवा विकास कार्यक्रम नवलपरासी जिल्लाको ४ वटा गा.वि.स. मा जनवरी २००८ देखि निरन्तर रुपमा सञ्चालन भइरहेको छ । यस कार्यक्रमले ग्रामीण क्षेत्रमा रहेको युवा जनशक्तिलाई परिचालन गरी गाउँको विकासमा अग्रणी भूमिका निभाउनको लागि विभिन्न किसिमका आयमूलक कार्यक्रमहरु गर्दै आइरहेको छ । यस कार्यक्रमको मुख्य उद्देश्य नेपालमा दिनानुदिन बढ्दै गइरहेको युवा जनशक्तिलाई क्षमता अभिवृद्धि गरी स्वदेशमै रोजगारीका अवसरहरु सिर्जना गरी ग्रामीण क्षेत्रका समुदायहरुको गुणस्तरीय जीवनमा पहुँच पुगोस् भन्ने रहेको छ ।

- कोटथर, सौँठीमुरे र डाँडाझेरी वरीमलमा सहकारी लेखा व्यवस्थापन तालिम सम्पन्न । त्यस्तै स्थानीय गैससहरुको क्षमता वृद्धिको लागि संस्थागत विकास तालिम सम्पन्न ।
- गैंडाकोट तथा रतनपुर गाविसमा सहकारी शिक्षा शिविर सम्पन्न । डाँडाझेरी गाविसको देउराली र गैंडाकोट गाविसको तात्रिवासमा पशुपालन तालिम सम्पन्न । जसमा २५ जना सदस्यहरुको सहभागिता ।

- कार्यक्रमका कर्मचारीहरु तथा युवा सूचना केन्द्रका परिचालकहरु तथा समितिका सदस्यहरु गरी १५ जना वैदेशिक रोजगार सम्बन्धी जानकारी प्रदान । युवा पैरवी तालिम सम्पन्न । जसमा २३ जना युवाहरुको सहभागीता ।
- कार्यक्षेत्रमा ९ वटा वेमौषमी तरकारी खेती तालिम सम्पन्न । जसमा २०८ जना कृषकहरुको सहभागिता थियो । कोटथर गाविसको सतिकोट, काफलडाँडा र डाँडाझेरी गाविसको छरछरे, रामकोट, धवादी, कोटडाँडाका ९२ घरधुरीलाई सुन्तला ३,९७६ वटा, कागती ५०० वटा र अनार ६०५ वटा गरी ५,०८१।- विरुवामा आंशिक सहयोग । त्यस्तै रतनपुर गाविसमा तरकारी खेती (कृषि) को लागि स्थानीय स्रोत व्यक्ति तयार ।
- कार्यक्रम व्यवस्थापन समितिको बैठक सम्पन्न । जसमा १० जना सदस्यहरुको सहभागिता थियो ।
- १३ औं अन्तर्राष्ट्रिय युवा दिवस सम्पन्न (कोटथर-थामवेशी र रतनपुर-दमारमा)
- दुईदिने युवा विकास नीतिगत विश्लेषण कार्यशाला सहमति अध्ययन केन्द्रमा सम्पन्न । जसमा १०५ जनाको सहभागिता थियो ।

### दलित तथा अपाङ्गता भएका समुदायमा केन्द्रित स्वावलम्बी समूहहरु तथा महिला सहकारीहरुको प्रवर्द्धन कार्यक्रम, वाग्लुङ्ग/म्याग्दी

सहमति र प्लान नेपालको साझेदारीमा बाग्लुङ्ग जिल्लाको अधिकारीचौर, देविस्थान, खुङ्गा, मल्म, काँडेवास, नरेठाँटी, हटिया, दुदिलाभाटी, पैयूपाँटा, अमलाचौर, नारायणस्थान गा.वि.स. र म्याग्दी जिल्लाको वरंजा ,सिहा, कुहुँ ,राखुपिप्ले, घतान, राखु भगवती र पुलाचौर गा.वि.स. गरी कूल १८ गा.वि.स.हरुमा दलित तथा अपाङ्गता भएका समुदायमा केन्द्रित स्वावलम्बी समूहहरु तथा महिला सहकारीहरुको प्रवर्द्धन कार्यक्रम सन् 2011 डिसेम्वरदेखि निरन्तर संचालित कार्यक्रम हो । यस कार्यक्रमको मूख्य उद्देश्य बाग्लुङ्ग र म्याग्दी जिल्लाका दलित महिला तथा अपाङ्गता भएका परिवारका महिलाहरुलाई समूह तथा सहकारीमा आवद्ध गराई वित्तीय सेवामा पहुँचमा वृद्धि गरी उनीहरुको दिगो आयश्रोतको विकासमा सहयोग गर्ने रहेको छ ।

- ४०८ स्वाबलम्बी समूहहरु प्रबर्द्धन साथै ८,६६८ महिलाहरु समूहमा आवद्ध भई रु. ३९,६१,८२५।- बचत रकम ।
- १८ वटा महिला सहकारीहरु प्रबर्द्धन जसमा ३,४९४ जना सदस्यहरु आवद्ध भई रु. ६१,८३,१६८/- बचत रकम, रु. ३४,५२,३३०/- शेयर पूँजी संकलन ।
- करेसाबारी तालिम पश्चात १५०० जना महिलाहरुले करेसाबारी व्यवस्थापन सुरु गरेका ।
- म्याग्दी जिल्ला बचत तथा ऋण सहकारी संघको तदर्थ सञ्चालक समितिमा लक्ष्मी बि.क (भगवती) उपाध्यक्ष चयन ।

### स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम, नवलपरासी

सहमति र जिविस नवलपरासीको साझेदारीमा सञ्चालित स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम २०६७ चैत्रबाट नवलपरासी जिल्लाको मुकुन्दपुर, अमरापुरी, रजहर, दिव्यपुरी, प्रगतिनगर, पिठौली र शिवमन्दिर गा.वि.स.हरुमा सञ्चालन भइरहेको छ ।

- वडा नागरकि मञ्चको सक्रियतामा ODF घोषणाका लागि विभिन्न स्थानीय निकायसँग समन्वय गरी गाविसबाट स्वीकृत रकमलाई चर्पी निर्माण कार्यमा अगाडी बढाउन पहल ।
- आर्थिक वर्ष ०७०/०७१ को योजना वस्तीस्तरबाट संकलन गरी आयका योजनालाई वडा भेला गरी प्राथमिकिकरण ।
- बजार विकास समितिसँग सडकवत्ति राख्नका लागि पहल गरी सडकवत्ति राख्ने र यसका लागि खानेपानी तथा सरसफाई समितिसँग सहकार्य गर्ने ।
- फोटो सहितको मतदाता नामावलीमा नाम छुटेका व्यक्तिहरुलाई नाम दर्ताका लागि सूचना गराई फोटो सहितको मतदाता नामावली दर्ताका लागि सहयोग गर्ने कार्य सम्पन्न ।
- वडा नागरकि मञ्चको सक्रियतामा पिठौली गैरी, लौखानी, टेङ्गरी कुश्नरी हुँदै कावासोतीसम्म यातायात सञ्चालन ।
- समुदायमा सूचना प्रवाह भई समुदायका व्यक्तिहरु जागरुक भई लाभान्वित भएका । साथै गाउँ परिषदमा उल्लेखनीय चासो एवं सहभागिता ।
- स्वावलम्बी बन्नका लागि प्रगतिनगर वडा नं. २ नासकेका सहभागीहरुले आफ्नो खाजा खर्चका लागि प्राप्त रकम मुडा तालिम लिई आयआर्जन गर्न सफल ।

### रोजगार सेवा केन्द्र

### नवलपरासी, कपिलवस्तु, मकवानपुर, चितवन र रुपन्देही

बढ्दो युवा बेरोजगारी, त्यसबाट सिर्जना भएको निराशा र पलायनलाई सम्बोधन गरी स्वदेशमै रोजगारीका अवसरहरुलाई सही सदुपयोग गर्न र देशको विकासमा योगदान पुऱ्याउनका लागि नमूनाका रुपमा सहमति र जिआइजेड/एस.टि.पि.पि. को साझेदारीमा रोजगार सेवा केन्द्र स्थापना गरिएको हो । सन् २०१३ जनवरीदेखि रोजगार सेवा केन्द्रको स्थापना भएको हो ।

- मकवानपुर फापरवारीका १६ जना फर्निचर तालिम प्राप्त व्यक्तिहरुलाई भेटी उनीहरुको व्यक्तिगत विवरण तयार हुनुकासाथै अन्य विषयका तालिम प्राप्त व्यक्तिहरुलाई पनि कार्यक्षेत्रमा नै गइ फारम संकलन ।
- ५५ जना तालिम प्राप्त व्यक्तिहरुको विवरण प्राप्त र विभिन्न क्षेत्रका जम्मा १७ जना रोजगार दाताहरुको विवरण संकलन । साथै २ जना तालिम प्राप्त व्यक्तिहरु आफ्नै व्यवसायमा गर्न सफल ( इलेक्ट्रिक र ब्युटिपार्लर )
- रोजगार सेवा केन्द्रको विधिवत समुद्घाटन कार्यक्रम सम्पन्न ।
- Mobile Repair, Plumbing / Industrial Electrician सम्वन्धी तालिम लिइरहेका व्यक्तिहरुलाई रोजगार सेवा केन्द्रको वारेमा जानकारी । CV नमूना, निवेदन पत्रको नमूना र अर्न्तवार्ता दिंदा ध्यान दिनु पर्ने कुराहरुको वारेमा जानकारीहरु तयार ।

### अमिलो (Citrus) जातका फलफूलहरुको बजार प्रवर्द्धन कार्यक्रम

"अमिलो (Citrus) जातका फलफूलहरुको बजार प्रवर्द्धन परियोजना" नवलपरासी जिल्लाले सुन्तलाको पकेट क्षेत्र घोषणा गरेका २ गाविस (डाँडाझेरी र जौवारी) मा सहमति र लुर्थरन वर्ल्ड रिलिफको साझेदारीमा सञ्चालित परियोजना हो । यस परियोजनाको लक्ष्य डाँडाझेरी र जौवारी गाविसका सुन्तला उत्पादक किसानहरुको आम्दानी २०% ले वृद्धि गर्ने रहेको छ ।

- सुन्तला बजार व्यवस्थापन परियोजना अर्न्तगत सुन्तला बगैंचा बृद्धि, दिगोव्यवस्थापन तथा व्यवसायीकरण गर्ने उद्देश्यकासाथ जौबारी गा.बि.स का २ बटा सुन्तला कृषक समुहलाई १२४० वटा सुन्तलाका विरुवा बितरण तथा रोपनी कार्य सम्पन्न गरियो ।
- कार्यक्रम सन्चालन तथा बुझाइमा एकरुपता ल्याई कार्यक्रम कार्यान्वयनमा सहजता ल्याउने उद्देश्यकासाथ सुन्तला बजार व्यवस्थापन

परियोजनाको परियोजना कार्यान्वयन निर्देशिका (POG) नेपालीमा तयार गरियो । जसले गर्दा लाभान्वीत समुदायले कार्यक्रमलाई सजिलै बुझ्नुका साथै अपनत्व विकास भएको ।

- नयां र पुरानो गरि १३ वटा सुन्तला कृषक समुह गठन भइसकेका छन् भने अझ तिन वटा समूह गठनको क्रममा छन् । यसरी गठन गरिएका १६ वटा समुह मार्फत ४०० कृषक घरधुरिले सुन्तला लगाउने, सुन्तला फल टिप्ने, सुन्तला स्तरिकरण तथा प्याकेजिङ, भन्डारणका साथै बजार व्यवस्थापन सम्बन्धमा आर्थिक तथा प्राविधिक सहयोग प्राप्त गरिरहेका छन् ।
- शुन्य शक्ति शित भण्डार निर्माण समिति गठन भइ स्थानीय स्तरको तयारी भइरहेको छ । कार्यक्रम अन्तर्गत तिनवटा शित भण्डार निर्माण हुँदै छन् ।
- जिल्ला कृषि बिकास कार्यालय, जि.वि.स लगायत अन्य सरोकार निकायहरु निरन्तर सहकार्य एवं समन्वय ।

## किशोरी शक्ति परियोजना म्याग्दी

सहमति र प्लान नेपालको साझेदारीमा म्याग्दी जिल्लाको अर्मन, बाबियाचौर, वेगखोला, चिमखोला, दग्नाम, दाना, दर्वाङ, देवीस्थान, झिं, ज्याम्रुमकोट, कुइनेमंगले, लुलाङ, मुदी, निस्कोट, ओखरबोट, पाखापानी, पात्लेखेत, रत्नेचौर, रुम र ताकम गरी कूल २० गा.वि.स. मा किशोरी शक्ति परियोजना सञ्चालित छ । यस कार्यक्रमको मूख्य उद्देश्य वित्तीय स्रोत र जिवीकोपार्जनका अवसरहरु माथिको पहुँचबाट समुदायको आय आर्जनमा वृद्धि गर्नु रहेको छ ।

- २० वटा महिला सहकारी प्रबर्द्धन जसमा २,८०८ जना महिला सदस्यहरु आवद्ध र रु. ४०,२३,०००/- बचत रकम संकलन साथै रु. ६१,३५,०००/-शेयर पूँजी संकलन ।
- ३५० जना महिलाहरु व्यावसायिक तरकारी उत्पादनमा संलग्न साथै रु। १०,२१,१२५/- आम्दानी गर्न सफल ।
- २६५ वटा प्लाष्टिक घरमा व्यावसायिक टमाटर उत्पादन र रु. ९,०४,२२५ आम्दानी गर्न सफल ।
- २४६ वटा स्वाबलम्बी महिला समूहहरु प्रबर्द्धन जसमा ५,७१७ महिला सदस्यहरु आवद्ध ।
- किसानहरुलाई वितरण गरिएका उन्नत जातका राँगाहरुबाट ११० वटा सेवा प्रदान साथै सेवा शुल्क वापत रु. ६४,३००/- संकलन ।

## केन्द्रीय कार्यालय गतिविधि:

- मिति २०७० वैशाख १३ गते सहमति महिला सदस्यहरुलाई मायाँको चिनो स्वरुप सहमतिको लोगो अंकित पछ्यौरा वितरण गर्ने कार्य सम्पन्न । त्यस्तै महिला सदस्यहरुको क्षमता विकास र महिलाका मुद्दाहरुलाई सम्बोधन गर्ने आदि विषयमा छलफल एवं निर्णय हुनुका साथै संस्थाको वर्तमान अवस्थामा चलिरहेको कार्यक्रमहरुको बारेमा जानकारी ।
- १३ मे देखि १४ जून २०13 सम्म संस्थाका अध्यक्ष एवं कार्यकारी निर्देशक श्री करुणा सागर सुवेदी कोडी इन्टरनेशनल इन्स्टिच्यूट क्यानाडाको निमन्त्रणामा Certificate Program on Community Driven Health Impact Assessment-2013 कार्यक्रममा सहभागी
- मिति २०७० जेष्ठ ३१ गते सहमति महिला सेलका सदस्यहरुद्वारा कपिलवस्तुको परिवर्तनशील कृषक सहकारी, कालिका स्वावलम्बन सामाजिक केन्द्रको भ्रमण । जसमा संस्थागत रुपमा महिला सशक्तिकरणका उदारणीय अभ्यासहरु, सहकारीको क्षेत्रमा गरेका विकासका अनुभव र सिकाइहरुको बारेमा आदानप्रदान ।
- मिति २०७० असार २३ गते GIZ अन्तर्गत नागरिक शान्ती सेवा (ZFD) कार्यक्रमबाट संस्थामा शान्ति विज्ञको रुपमा आउनु भएकी श्री क्रिस्टिन केनलाई स्वागत एवं संस्थाले हालसम्म शान्ति र द्वन्द्व रुपान्तरणको क्षेत्रमा गरेका कार्य अनुभवको बारेमा जानकारी प्रदान ।

## सहमति अध्ययन केन्द्र

- जम्मा तालिम सञ्चालन दिन : ५९
- कूल सहभागी : ४२१ (महिला : २८०, पुरुष : १४१)
- जम्मा सहभागी संघसंस्था : ९ (राष्ट्रिय/अन्तर्राष्ट्रिय)

*(साथै यस आ.व. २०६९।७० मा जम्मा हल संचालन दिन २५३, कुल सहभागि १७७४ (म १०४६,पु ७२८), ४४ वटा राष्ट्रिय एवं अन्तर्राष्ट्रिय संघसँस्था र निजी क्षेत्रद्वारा प्रयोग)*

## सहज स्वास्थ्य सहकारी संस्था लि., नवलपरासी

- नियमित स्वास्थ्य परीक्षण सेवा अन्तर्गत ओपिडिमा २४० जना, प्रयोगशालमा १४६ जना, आकस्मिक सेवामा १३५ जना, परिवार स्वास्थ्य कार्यक्रममा घरदैलो सेवा १०६० जना, एक्सरेमा ६३ जना, ई.सि.जि.मा ५ जना, अल्ट्रा साउन्डमा ५८ जना गरी कुल १७०७ जनाले सेवा प्राप्त ।
- सुरक्षित मातृत्व एवं शिशु तथा नवजात शिशुहरुको जीवन रक्षा गर्न सहयोग पुर्‍याउने उद्देश्यले दिगो स्वास्थ्य सुधारका लागि सहज सामुदायिक अस्पताल गैडाकोट, केयर नेपाल तथा जिल्ला जनस्वास्थ्य कार्यालय,नवलपरासीको संयुक्त आयोजनामा नवलपरासी जिल्लामा मातृ शिशु स्वास्थ्य सहयोग (SMILE) परियोजना संचालन भइरहेको छ । उक्त परियोजना अन्तर्गत १० वटा गा.वि.सहरु क्रमश: गैडाकोट, मुकुन्दपुर, रजहर, रतनपुर, अमरापुरी, कोटथर, बुलिङटार, डँडाझेरी, अर्खला र देवचुलीमा यस परियोजना संचालन भएको छ ।
- वैशाख महिनामा जर्मनबाट पाल्नु भएकी महिला तथा स्त्री रोग विशेषज्ञ डा. हेल्गा हेल्वीग सुल्जद्वारा महिलाहरुको पाठेघर, थाईराईड र स्तन जाँच गरिएको थियो । जसमा ५४ जनाले सेवा लिनु भएको थियो ।
- सहज स्वास्थ्य सहकारी संस्था लि. र किसान बचत तथा ऋण सहकारी संस्थाको संयुक्त आयोजनामा २०७०/०१/१३ गते डा. अशोक थापाको प्रयासमा निशुल्क शिविर संचालन सम्पन्न भएको थियो । उक्त स्वास्थ्य शिविरबाट २६ जना व्यक्तिहरु लाभान्वित भएका थिए । जसमध्ये १८ जना महिला र ८ जना पुरुष रहेका थिए । यसैगरी अर्को शिविर मिति २०७०/०२/१० गते डा. अशोक थापाको प्रयासमा निशुल्क शिविर संचालन गरेको थियो । उक्त स्वास्थ्य शिविरबाट २६ जना व्यक्तिहरु लाभान्वित भएका थिए । जसमध्ये १३ जना महिला र १३ जना पुरुष रहेका थिए ।
- गैंडाकोट जेसीज, किसान बचत तथा ऋण सहकारी संस्था लि., सहज सामुदायिक अस्पताल, सामाजिक विकास तथा अनुसन्धान केन्द्र, लायन्स क्लब अफ गैंडाकोटको संयुक्त प्रयासमा यस वर्ष जेठ १५ गतेका दिन रक्तदान कार्यक्रम सञ्चालन गरिएको थियो । उक्त कार्यक्रममा ७४ जना व्यक्तिले रक्तदान गर्नुभएको थियो ।
- सहज सामुदायिक अस्पतालले गत वैशाख महिनादेखि हरेक शुक्रवार नियमित खोप सेवा संचालन गर्दै आएको छ । यस अन्तर्गत ३६ जना बालबालिकाले सेवा लिसकेका छन् ।

❑ ❑ ❑

# लोकतन्त्र मजवुत बनाऔं कार्यक्रम पाल्पा

✍ विष्णुप्रसाद पाण्डे
जिल्ला संयोजक, लोकतन्त्र मजबुत बनाऔं कार्यक्रम, SRDCN पाल्पा



लोकतन्त्र मजवुतिकरण परियोजना वि.सं. २०६७ साल फागुन महिनाबाट पाल्पा जिल्लामा शुरुवात गरिएको हो । एक्सन एड ईन्टरनेशनल नेपालको सहयोगमा सञ्चालन गरिएको परियोजना जिल्ला विकास समिति पाल्पासँग भएको MOU अनुसार LGCDP कार्यक्रम सञ्चालन नभएका गाउँ विकास समितिहरुमा सञ्चालन गरिएको हो । परियोजना सञ्चालन भएको पहिलो वर्ष पाल्पा जिल्लाको खानीगाउँ र बौघागुम्हा गाविसमा यो कार्यक्रम सञ्चालन गरिएको थियो । दोश्रो वर्ष उल्लेखित गाविससँगै पिपलडाँडा र खानीछाप गाविसमा कार्यक्रम विस्तार गरिएको थियो, यतिबेलासम्म पनि यी गाविसहरुमा LGCDP कार्यक्रम सञ्चालन भएको थिएन ।

स्थानीय स्रोत साधनको पहिचान र खोजी गरी अधिकारवालाहरुको पहुँच वृद्धि गर्दै उनिहरुको पक्षमा त्यसको अत्याधिक परिचालन गर्ने, अन्य स्थानीय सेवाहरुमा प्रभावकारीता, स्थानीय समूह समितिहरुमा लक्षित वर्गको अर्थपूर्ण सहभागिता अभिवृद्धि गर्न सम्बन्धित पक्षको सशक्तिकरणका लागि सहजिकरण गर्ने, वस्ती स्तरको योजना तर्जुमा प्रक्रियालाई संस्थागत गर्न वडा नागरिक मञ्च, नागरिक सचेतना केन्द्र, एकीकृत योजना तर्जुमा समिति, गाविस, जिल्ला विकास समिति लगायतका सरोकारवालाहरुलाई सहयोग र सहजीकरण गर्ने, स्थानीय निकायका साथै LGCDP कार्यक्रम सँग सम्पर्क, समन्वय विस्तार गरी सामाजिक परिचालनलाई प्रभावकारी वनाउदै पारदर्शीता, जवाफदेहिता, विधिको शासन जस्ता सुशासनका आधारभुत तत्वहरुलाई संस्थागत गराउँदै न्यायपूर्ण समातामूलक समाजको निर्माणका लागि सहयोग गर्ने प्रमुख उद्देश्यका साथ यो परियोजना शुरुवात गरिएको हो ।

लोकतन्त्र मजवुतिकरण परियोजना सञ्चालनका लागि संस्थाले जिल्ला विकास समितिसँगै सम्बन्धित गाउँ विकास समितिसँग समेत समझदारी (MOU) गरेको थियो । यस परियोजना अन्तरगत गाउँ विकास समितिमा वस्तीस्तरीय योजना तर्जुमा प्रक्रिया, शिक्षा, स्वास्थ्य, कृषि सेवामा सुधार, सूचनाको हक, लोकतान्त्रिक प्रतिनिधित्व, वडा नागरिक मञ्च तथा उपभोक्ता समितिका पदाधिकारीहरुको क्षमता विकास तालिम र परिचालन, सामाजिक परीक्षण, वार्षिक समिक्षा, सार्वजनिक परीक्षण, नेतृत्व विकास तालिम, सडक/कचहरी नाटक जस्ता क्रियाकलापहरु गाविस तहमा सञ्चालन गरिएको थियो । गाउँ विकास समितिमा समावेशी रुपमा वडा नागरिक मञ्च गठन गर्नुका साथै उनिहरुमार्फत विकास कार्यलाई अगाडि बढाउनका लागि सहजीकरण गरिएको थियो । कार्यक्षेत्रका सबै गाउँ विकास समितिमा गरिवी नक्सांकन गरी आर्थिक र सामाजिक रुपमा पछाडि पारिएका समुदायको पहिचान गरी १ गाविसमा २ वटा रिफ्लेक्ट केन्द्र सञ्चालन गरिदै आएको छ । केन्द्रका सदस्यहरुले आँफुहरु पछाडि पारिनुको कारण खोजी गरी हक, अधिकारका साथै विकास सँग सम्बन्धित सवालहरुमाथी हप्ताको ३ दिन सम्म नियमित छलफल गर्दै आएका छन । त्यसैगरी जिल्ला तहमा २ पटक सम्म रुपान्तरणीय सामाजिक परिचालनका क्षेत्रमा कार्य गर्ने सबै अभ्यासकर्मीहरुको आम भेला गरी अनुभवको आदानप्रदान गर्दै जिल्ला भेला सम्पन्न गर्नका लागि परियोजनाले सहयोग पुऱ्याएको सर्वविदितै छ ।

हाल गाउँ विकास समितिमा वडा नागरिक मञ्च क्रियाशील हुदै आएको छ, विभिन्न सार्वजनिक कार्यमा जनसहभागिता वृद्धि भएको छ, योजना छनौट र माग गर्ने कार्यमा जनसहभागिता बढ्नुको साथै योजना कार्यान्वयन गर्ने कार्यमा जनश्रमदान बढेको छ, आर्थिक र सामाजिक रुपमा पछाडि पारिएका समुदायले आफ्नो हक र अधिकारको दावी गर्न थालेका छन भने गाविसले त्यस्ता समुदायलाई प्राथमिकता दिन थालेको, गाउँ परिषद बैठक, एकीकृत योजना तर्जुमा समितिको बैठक, खर्च सार्वजनिक, सार्वजनिक सुनुवाई, आयोजनाको प्राथमिकिकरण जस्ता गाविसका क्रियाकलापहरुमा भएको नागरिकको सहभागिताले प्रमाणित गर्दछ । सेवा प्रदायकहरुले आफ्नो जिम्मेवारी बोध गर्न थालेको सेवा प्रदायक संस्थाका प्रमुखहरु बताउँछन भने सेवा ग्राहीहरुले सरकारी सेवाप्रति चासो र विश्वास गर्न थालेकोले सेवाग्राहीहरुको संख्यामा बृद्धि भएको सेवा प्रदायक संस्थाको उपस्थिती विवरणले पुष्टी गर्दछ । गाउँ विकास समितिमा सामाजिक परीक्षण संस्थागत हुन थालेको छ । गाविससले वडा भेला मार्फत आएका आयोजनाहरुलाई मात्र प्राथमिकताको आधारमा स्वीकृत गर्ने नविनतम प्रयासको शुरुवात भएको छ भने पछाडि पारिएकाका समुदायलाई समेट्ने खालका नीति तथा कार्यक्रम बनाउँदै सार्वजनिक कार्यमा उनीहरुलाई सहभागि बनाउने कार्यको शुरुवात भएको छ । गाउँ विकास समितिमा समयमै पेश्की फछ्यौंट गराउने तथा समयमा नै आयोजना सम्पन्न गर्ने विषयमा पटक पटक भएको छलफलको प्रभावले गाविसमा वेरुजु छैन । समयमै गुणस्तरीय रुपमा धेरैको सहभागितामा आयोजना सम्पन्न गर्ने उपभोक्ता समितिलाई गाउँ परिषदका बेला पुरस्कृत गर्ने कार्यको शुरुवात भएकोले सवै उपभोक्ता समितिहरु उत्साहित बनेका छन । जिल्ला तहका धेरै कार्यालयहरुमा समेत सूचना अधिकारीको व्यवस्था नभएको परिवेशमा पाल्पा जिल्लामै गाविस तहमा पहिलो पटक खानीछाप गाउँ विकास समितिले सूचना

अधिकारीको व्यवस्था गरी सूचनालाई व्यवस्थित र छिटो छरितो रुपमा उपलव्ध गराउने उदाहरणीय कार्यको शुरुवात गरेको छ ।

३0 महिनाको अन्तरालमा पाल्पा जिल्लाका ४ वटा गाउँ विकास समितिहरु खानीगाउँ, बौघागुम्हा, खानीछाप र पिपलडाँडामा सञ्चालन गरिएको यस परियोजनाले गाविसको सुशासनलाई केहि हदसम्म बलियो बनाउन मद्दत पुगेको हामीलाई अनुभुत भएको छ । गाउँ विकास समितिमा सुशासनको कार्यक्रम सञ्चालन गर्नु आफैमा चुनौतिपूर्ण भएता पनि यस परियोजनाको परिधिभित्र बसी काम गर्ने शिलशिलामा गाउँ विकास समितिले हामी र हाम्रो संस्थालाई गरेको सहयोग, समन्वय, सहकार्यलाई हामी कहिल्यै पनि विर्सन सक्दैनौ । कार्यक्रम सफ्टवेयरसँग मात्र सम्बन्धित भएकोले शुरुवातका चरणमा नागरिकले परियोजनासँग हार्डवेयरको पाटोमा सहयोग गर्न आग्रह नगरेका होइनन तर कार्यक्रमको लक्ष्य र उद्देश्य अुनरुप यसलाई अगाडि वढाउँदै जाँदा नागरिकको सशक्तिकरणको पाटो पनि महत्वपूर्ण रहेछ । यस विषयलाई कार्यक्षेत्रका राजनीतिकदल र नागरिक समाजले राम्रैसँग बुझ्केको जस्तो हामीले ठानेका छौ । मानिसको ज्ञान, शीप र धारणाको विकास गरी समाज रुपान्तरण गर्न सकिनुका साथै गरिवीको अन्त्य गर्न सकिन्छ तर यसका लागि छोटो समय प्रयाप्त छैन । त्यसैले रुपान्तरणीय सामाजिक परिचालनको कार्यक्रमलाई गाउँ विकास समितिले निरन्तरता दिँदै सचेत, जिज्ञासु र जागरुक नागरिक समाजको निर्माण गर्न योजना बनाई लागि पर्नु पर्दछ भन्ने सुझ्काव समेत दिन चाहन्छु । यस कार्यका लागि लोकतन्त्र मजवुतिकरण परियोजनाको समयावधी सकिएपनि गाउँ विकास समितिमा सञ्चालित स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रममा यसै परियोजनामा कार्यरत लोकतन्त्र सहजकर्ताहरुलाई जिल्ला विकास समिति पाल्पाले सामाजिक परिचालकको रुपमा नियुक्त गरेको व्होरा अवगत गराउन पाउँदा मलाई निकै खुसी लागेको छ । केही समयपश्चात यो कार्यक्रम पनि सकिएला, तथापी यसका सकारात्मक पक्षलाई गाउँ विकास समितिले सधैं अंगिकार गर्दै पारदर्शीता, जवाफदेहिता, सहभागिता, समावेशीता, विधिको शासन जस्ता सुशासनका आधारभुत तत्वलाई मजबुत बनाउने नमूना गाविसका रुपमा यी गाविसहरुले नेतृत्वदायी भुमिका निर्वाह गर्न सकुन भन्ने शुभकामना व्यक्त गर्न चाहन्छु ।

कार्यक्रम सञ्चालनका वेला संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, जिल्ला अनुगमन समिति, जिल्लास्तरीय राजनीतिक दलका पदाधिकारीहरु, पत्रकार, एक्सनएड ईन्टरनेशनल नेपाल तथा संस्थाले गरेको कार्यक्रमको अनुगमनका बेला प्राप्त सुझ्कावको आधारमा कार्यक्रम अगाडि बढाइएकोले गर्दा नै कार्यक्रमको उद्देश्य पूरा गर्न सहज भएको मलाई महशुस भएको छ । यसकार्यमा प्रत्यक्ष र अप्रत्क्ष रुपमा सहयोग गर्नुहुने सम्पूर्ण पदाधिकारीहरुप्रति धन्यवाद दिन चाहन्छु ।

❒ ❒ ❒

## नमूना गाविसको ..........

जिल्ला भरका सामाजिक परिचालकहरुलाई एकै ठाउँमा राखी उनीहरुको सिकाई आदानप्रदान गर्ने उद्देश्यले रुपान्तरणीय सामाजिक परिचालन अभ्यासकर्मीहरुको पहिलो र दोस्रो जिल्ला भेला सम्पन्न गरिएको छ । जसका कारण नवलपराजी जिल्लामा LGCDP कार्यक्रमको सञ्चालन, त्यसबाट प्राप्त उपलब्धी, सिकाई, चुनौती र भावि योजनाहरुको बारेमा छलफल गरिएको छ साथै यसलाई आगामी दिनमा कसरी प्रभावकारी बनाएर अगाडि बढ्ाउने भनी एकआपसमा सामाजिक परिचालकबीच छलफल गरी उनीहरुको आवाजलाई सम्बन्धित निकायहरुसँग समेत सहकार्य गरिएको छ । तल्लो निकायमा उठ्ने जनसरोकारका विषयहरु/सवालहरुलाई समेत माथिल्लो निकायसम्म पुऱ्याउने अभिप्रायले जनसरोकार मञ्च नवलपरासी मार्फत विभिन्न जिल्लास्तरमा अन्तक्रिया कार्यक्रमहरु सञ्चालन गरिएको छ जसका कारण पनि जिल्लास्तरका निकायले आफ्ना मातहतका कार्यालयहरुमा सेवाको गुणस्तर बढाउन, सुशासन कायम राख्न, जनसहभागिता सुनिश्चिन गर्नका लागि समेत मद्दत पुगेको छ ।

समग्रमा गाविसका जनता तथा विषेश गरी गरीब तथा पछाडि पारिएका वर्गको हक, अधिकारलाई सुनिश्चित गर्न र उनीहरुलाई आफ्नो कर्तव्य बोध गराउनका लागि लोकतन्त्र मजबुत बनाऔं कार्यक्रम महत्वपूर्ण र सान्दर्भिकता रहेको छ । देश अहिले संक्रमण कालमा गुज्रिरहेको, जनप्रतिनिधि विहीन अवस्थामा स्थानीय स्तरमा लोकतन्त्रलाई संस्थागत गर्न र आम नागरिकको हक, अधिकार सुनिश्चित गर्दै सरकारबाट प्राप्त सेवाहरुको अधिकतम् प्रयोग मार्फत नागरिकको जीवनस्तर उकास्नका लागि यो कार्यक्रम सफल भएको छ । झट्ट हेर्दा आहा यो कार्यक्रमले यत्रो ठूलो काम गरेको छ भनि नदेखिएता पनि नागरिकहरुको चेतनाको स्तर अभिबृद्धि गर्ने र उनीहरुको सूचनाको हक स्थापित गर्दै सरकारी सेवाको पहुँचमा बृद्धि भएको छ । पछाडि पारिएका, दलित, जनजाती, सीमान्तकृत महिला तथा पुरुषहरु आफ्नो आवाजलाई बुलन्द गर्दै आफ्नो हक, अधिकारको खोजिगर्न डराउने/हिच्किचाउने नागरिक अहिले सम्बन्धित निकायको ढोका ढक्ढकाउन सक्षम भएका छन् । राम्रो काम गर्नेलाई प्रोत्साहन गर्ने र खराब काम गर्नेलाई औंला ठडाई सजाय दिन सक्ने क्षमताको विकास आम नागरिकमा भएको छ । सेवाप्रदायक संस्थाहरु समेत आम नागरिकको जनभावना अनुसार सेवा प्रदान गर्न तत्पर भएका छन् भने आफ्ना कमीकमजोरीहरुलाई हटाउँदै नागरिकसँग सुमधुर सम्बन्ध स्थापित गरी सेवाको गुणस्तरमा सुधार गरेका छन् ।

लोकतन्त्र मजबुत बनाऔं कार्यक्रम अन्तर्गत गरिएको हरेक क्रियाकलाप र यसलाई गाविसका जनता र स्थानीय निकायहरुले आत्मसात गरेको हुँदा कार्यक्षेत्रका ४ वटै गाविस नमूनाको रुपमा स्थापित हुने क्रममा अगाडि बढिरहेको छ ।

❒ ❒ ❒

# अवसर पाए गर्न सकिंदो रहेछ

देउराली गाविसको वडा नं. ८ पर्ने सतकुन वस्ती भौगोलिक हिसाबले देउराली गाविसको उत्तरी भेगमा जंगलको बीचमा पर्ने सानो तथा गाविसकै अति विकट, अविकसित एवम् अशिक्षित वस्तीको रुपमा चिनिन्छ । देउराली गाविस कार्यालयदेखि उत्तर एक देखि डेढ घण्टा पैदल हिंडे पछि जंगलको बीचको डाँडामा सतकुन वस्ती आउँदछ ।



कृषिलाई मुख्य पेशा अंगाली जिविकोपार्जन गर्दै आएका सतकुनवासिहरुलाई सिंचाई, बाटोघाटो, विद्युत शिक्षा, खानेपानी, यातायात आदिको ठूलो समस्या रहेको छ । अन्धविश्वास, शिक्षाको कमी, बढि परिश्रम गर्नु पर्ने, अवसरको कमीका कारण र भौगोलिक विकटताले सतकुन वस्ती धेरै पछाडी परेको देखिन्छ ।

तर पनि त्यस क्षेत्रका समुदायको अग्रसरता र अवसर मिलेको खण्डमा पछाडी नपर्ने दृढ संकल्पका कारण सहमति, गैंडाकोट र एक्सन एड नेपालको साझेदारीमा सञ्चालित लोकतन्त्र मजबुत बनाऔं कार्यक्रमद्वारा सञ्चालित रिफ्लेक्ट केन्द्र (सतकुन छलफल केन्द्र) नियमित रुपमा सञ्चालन भैरहेको छ । रिफ्लेक्ट सञ्चालन खर्चबाट त्यस छलफल केन्द्रका ५ जना महिलालाई १० दिने झोला बुन्ने तालिम दिए पश्चात पाँच जना मध्ये दुई जना श्री पिपलसरा राना र श्री निरमाया रानाले आफ्नो घरमा नै झोला बुन्ने तान आफ्नै श्रीमान्को सहयोगमा बनाएर अहिले आय आर्जनमा लागेका छन् ।

सतकुन छलफल केन्द्रमा नै नियमित जान थाले पछि हामीलाई धेरै कुरा थाहा भयो, पहिले त केही पनि थाहा थिएन । आफ्नो नाम पनि भन्न सक्दैनथ्यौं हामी कोही पनि, अहिले कुनै पनि बैठकमा जाँदा ढुक्क भएर आफ्नो नाम, ठेगाना, संस्था/समूह र पद भन्न सक्दछौं । पहिले त हामी त्यति बैठकमा सहभागि पनि हुदैनथ्यौं खाली पुरुषहरु मात्रै जानु हुन्थ्यो । अहिले सतकुन वस्तीका महिलाहरु धेरै नै बैठकमा जाने आफ्नो कुरा राख्ने गर्दछन् साथै गाविस, उपस्वास्थ्य चौकीमा गई आवश्यक सेवा लिने गर्दछौं भन्नुहुन्छ पिपलसरा राना । अझ झोला बुन्ने तालिम लिए पछि त मेरो श्रीमान्ले घरमै तान बनाईदिनु भयो अहिले मैले घरायसी काम सकेपछि दिनमा १/२ वटा झोला बुन्छु र हाम्रै गाउँमा रहेको स्कुलका विद्यार्थीहरुलाई बिक्री गरी घर खर्च चलाएकी छु । भर्खरै सिक्दैछु पछि राम्रो बनाउँदै गएपछि एक दिनमै धेरै बुन्न सक्छु अनि अर्डर आए अनुसारको झोला समयमा नै दिन सक्छु । अहिले गाउँ घरकै मान्छेहरु, धेरै जसो विद्यार्थीहरुबाट झोला बुनिदिनु भनि अर्डर दिन्छन् अनि मात्र बनाउने गरेकी छु । अवसर पाए गर्न सकिंदो रहेछ, सहमतिले सञ्चालन गरेको लोकतन्त्र मजबुत बनाऔं कार्यक्रमले दिएको अवसरले हाम्रो परिवारको आय आर्जनमा केही टेवा पुगेको छ ।

धेरै झोलाहरु बुन्न आए भने मैले घरको काममा सहयोग गरिदिन्छु उनी झोला बुन्छिन् भन्नु हुन्छ पिपलसराको श्रीमान श्री झक बहादुर राना । यो गाउँका महिला र पुरुषमा केहि परिवर्तन आएको महसुस मैले गरेको छु । पहिला गाउँको विकासमा चासो नदेखाउनेहरु अहिले वस्तीको बैठक, वार्ड भेलामा धेरै जसो मानिसहरु सहभागि जनाउने, छलफल गर्ने गर्दछन् । नत्र बैठकमा गएर केही हुँदैन भन्ने मानिसहरु पनि विभिन्न छलफलहरुमा सहभागि हुने, कुराहरु सुन्ने, छलफल गर्ने गर्दछन् । अझ कुनै पनि बैठकमा महिलाहरुलाई नपठाउनेहरु आफूले घरको काम गरेर भएपनि महिलाहरुलाई पठाउने गर्दछन् । यो लोकतन्त्र मजबुत बनाऔं कार्यक्रम सञ्चालन पश्चात यहाँका महिलाहरु धेरै नै सक्रिय भएका छन्, भन्नु हुन्छ पिपलसराको श्रीमान् । ❑ ❑ ❑

# वस्तीको समस्या समाधान गर्न अग्रसर हुँदै रिफ्लेक्ट केन्द्र

कुडिया गाविसको वडा नं. ९, महेन्द्रनगर स्थित रिफ्लेक्ट विगत १ बर्षदेखि निरन्तर रुपमा चल्दै आएको छ । जहाँ वस्तीका विभिन्न समस्या, सवालहरु लगायत सरकारी सेवाहरुको बारेमा हप्ताको १ पटक नियमित बैठक बसी वस्तीका २५ देखि ३० जना महिलाहरु छलफल गर्दै आएका छन् । स्वास्थ्य, सरसफाई, शिक्षा, गाविसमा पाइने सेवा सुविधा, घरेलु हिंसा, महिला हिंसा, आदिको बारेमा पनि छलफल गर्दै आएका छन् । छलफलकै क्रममा आम्दानी र खर्चको घैंटो चित्र निर्माण गरी फजुल खर्च कटौती गरी वचत गर्नु राम्रो हुन्छ जसले भविष्यमा आईपर्ने साना मसिना समस्यादेखि ठूलो समस्या समेत समाधान हुन्छ भनी छलफल गर्दा उपस्थित महिलाहरुले हामीले अब घरमा गई श्रीमान्, सासु, ससुरा, बुवा, आमा समेतलाई फजुल खर्च रोक्न लगाउने र आफै पनि फजुल खर्च नगर्ने निष्कर्ष निकाल्दै मासिक रुपमा रु.२५।– जम्मा गर्ने निर्णय स्वरुप विगत ७/८ महिनादेखि बचत गर्दै आएका छन् ।



वचत रकमबाट रिफ्लेक्ट केन्द्रका सदस्यहरुले औषधी, उपचार, व्यापार, घरेलु समस्या जस्ता समस्याहरु टार्दै आएका छन् । रिफ्लेक्ट केन्द्रका सदस्यहरुले कुडिया गाविसलाई खुल्ला दिशामुक्त क्षेत्र घोषणा अभियानमा सहयोग पुग्ने हेतुले सहजै चर्पी निर्माण गर्न सक्ने सदस्यहरुले चर्पी निर्माण गरिसकेका छन् भने केहीले निर्माण गर्दै आएका छन् । यसै सन्दर्भमा एक जना एकल महिला सदस्य श्री कौलबासी चौधरीले आर्थिक अभाव र उखुमिलबाट उखुको पैसा नआएको समस्या रिफ्लेक्ट केन्द्रमा राख्दा रिफ्लेक्ट केन्द्रले नियमानुसार व्याज तिर्ने गरी उहाँलाई रु.३,०००।– उपलब्ध गरायो । सोही रकमले उहाँले चर्पी निर्माण गरी चर्पीको प्रयोग गर्दै आउनु भएको छ र ऋण लिएको रकम उखुमिलबाट रकम प्राप्त गरेपछि ऋण रकम व्याज सहित फिर्ता गर्नु भयो ।

यसरी जय माँ सरस्वती बहस केन्द्रमा सदस्य भै छलफल गर्दै जाँदा धेरै कुराहरु थाहा भयो । सबै साथीहरुको चर्पी भएको घरधुरी भनेर सामाजिक नक्सामा चित्र बनाउँदा मलाई सधैं खिन्न हुन्थ्यो, मेरो समस्या बहस केन्द्रमा राखें अनि समाधान पनि भयो । बचतले बहस केन्द्रका धेरै साथीहरुलाई सहयोग भएको छ भन्नु हुन्छ कौलबासी चौधरी ।

पहिला आफ्नो परिचय दिन डराउने, कुनै सभा, बैठक, समारोहमा जान हिच्किचाउने महिलाहरु हाल आफ्नो हक, अधिकारको निम्ति सम्बन्धित निकायमा आफ्नो कुरा राख्ने, आफ्नो गाउँको विकास निर्माणमा चासो दिने, स्वास्थ्य, सरसफाईमा ध्यान दिने, गाउँघरमा हुने झैझगडा मिलाउने, वस्तीस्तरको योजना प्रक्रियामा सहभागी भई आफ्नो वस्तीको योजना पेश गर्ने, गाविस तथा अन्य संघसंस्थाले बोलाएको कार्यक्रममा सहभागीता जनाई आफ्ना कुरा राख्ने, लगायत कार्यमा सक्रिय रुपमा अगाडी बढेका छन् भन्नु हुन्छ बहस केन्द्रकी अध्यक्ष श्री ईन्द्रमाया चौधरी ।

यसरी महिलाहरुलाई सशक्त बनाउनुको साथै उनीहरुको स-साना समस्याहरु समेत मासिक बचतले समाधन गर्दै खाएको छ । मलाई हालसालै धानको बीउँ राख्नका लागी रु.४,०००।– आवश्यक परेको थियो, मैले मेरो समस्या बहस केन्द्रमा राखें, त्यसपछि बहस केन्द्रमा छलफल पश्चात मैले पैसा पाएँ, भन्नु हुन्छ मनतुरनी देवि चौधरी । बचत नगरेको भए मैले त्यो पैसा पनि पाउँदैनथें अनि मलाई पैसा धेरै व्याजदरमा अन्तै खोज्न जानु पर्दथ्यो । बहस केन्द्र सञ्चालन पछि म लगायत यस बहस केन्द्रका अन्य सदस्यहरुको समेत धेरै समस्याहरु टरेको छ । ❑ ❑ ❑

# वस्तीबाट आएको योजना मात्र बुझ्छ एकीकृत योजना तर्जुमा समितिले

गाविसको बजेट बाँडफाँडमा पहिलेदेखि नै राजनैतिक प्रभाव रहेको पाइन्छ । टाठा बाठा, धनी मानी, ठूला बडाको हित र सेवाका लागि बजेट बाँडफाड गर्ने चलन चल्तीलाई अब चुनौती दिँदै वस्तीका मानिसहरु परिषद पूर्वदेखि नै वस्तीस्तरबाट आएको योजना छनौटमा नै सावधानी गर्न थालेका छन् ।

परिषद्मा केही व्यक्ति बसी आ–आफ्नो व्यक्तिगत स्वार्थलाई मात्र पूर्ति गरी गाविसको बजेट बाँडफाँडको क्रम अहिले रोकिदै गएको छ भन्नु हुन्छ नारायणी–३, निवासी वडा नागरिक मञ्च संयोजक श्री भवानी शंकर महतो । लोकतन्त्र मजबुत बनाऔं कार्यक्रम अघिल्लो बर्षदेखि सञ्चालनमा आएपछि वस्तीवस्तीका व्यक्तिलाई योजना प्रक्रियाको बारेमा थाहा भई गाविसको बजेटमा आफ्नो योजना पेश गर्न वस्तीका मानिसहरु सक्षम भई गाविसको बजेट बाँडफाँडमा समेत खबरदारी गर्न थालेका छन् ।



पहिले पहिले त वडाभेलामा केही गन्य मान्य व्यक्तिलाई मात्र बोलाइन्थ्यो त्यै पनि हामीलाई थाहा नै हुन्थेन । गत बर्षबाट हामीलाई गाविसमा आउने बजेट हाम्रै गाउँको विकासका लागि भएको र यसको बाँडफाँडमा पनि हामी सबैको अधिकार रहेको जानकारी पश्चात हामी गाविसको योजना प्रक्रियामा चासो देखाएका छौं, भन्नु हुन्छ नारायणी–१, हर्दिया निवारी डुलकुमारी न्यौपाने ।

लोकतन्त्र मजबुत बनाऔं कार्यक्रमका सहजकर्ताहरुले वस्ती वस्तीमा गई एनिमेशन, भिडियो, पोष्टरबाट समस्या पहिचान, योजना छनौट, प्राथमिकीकरण गरी फारम भर्न समेत सिकाएका कारण नै धेरै वस्तीबाट उपयुक्त योजनाहरु आएका छन्, जसका कारण हामीलाई योजना छनौटमा अप्ठ्यारो नपर्ने र उत्कृष्ट योजनालाई छनौट गर्नका लागि समेत सहज वातावरण भएको छ भन्नु हुन्छ एकीकृत योजना तर्जुमा समितिका अध्यक्ष तथा नारायणी गाविसका सचिव एवम् अध्यक्ष श्री पद्मप्रसाद अधिकारी ।

२५, ३० जनाको उपस्थितिमा नै परिषद् बस्ने प्रबृत्ति थियो पहिला तर यस बर्ष योजना तर्जुमा समितिमा वडा नागरिक मञ्चद्वारा योजना हस्तान्तरण कार्यक्रममा नै ७८ जनाको उपस्थिति भयो । यस प्रकारको उपस्थितिले के बुझाउँदछ भने वस्तीबाट आएको योजना गाविसमा नै पुग्छ या पुग्दैन त्यसको समेत निगरानी गर्न वस्तीबाट प्रतिनिधिहरु आई कार्यक्रममा उपस्थिति जनाएका छन् । अब वस्तीका नागरिकहरु पनि धेरै सचेत भएका छन् तसर्थ बजेट हिना–मिना गर्ने, मनपर्दी, सिमित व्यक्तिको फाइदामा बजेट बाँडफाँड गर्ने चलन विस्तारै अन्त्य हुँदै गएको छ भन्नु हुन्छ नेपाली काँग्रेस गाउँ ईकाई अध्यक्ष श्री कृष्ण नेपालज्यू ।

हामीलाई योजना प्रक्रियाको बारेमा पहिला केही पनि थाहा पाइदैनथ्यो, महिला, बालबालिका, जेष्ठ नागरिक, दलित, जनजाती सबैका लागि छुट्टाछुट्टै बजेट आउँदो रहेछ अहिले मात्र थाहा भयो त्यसैले हामीले महिलाको क्षमता अभिबृद्धिका लागि हालेको योजना गाविसमा जान्छ की जादैन भन्दै योजना हस्तान्तरण कार्यक्रममा सहभागि हुन आएको । हाम्रो योजना त एकीकृत योजना तर्जुमा समितिसम्म त गयो अब परिषद्मा निर्णय गराउन पनि हामी खबरदारी गरि रहन्छौं भन्नु हुन्छ शहरी सामुदायिक छलफल केन्द्रकी सदस्य सम्झना कुमाल ।❐ ❐ ❐

# सानो बचतले पनि हामीलाई ठूलो सहयोग पुऱ्याएको छ

तराई भेगमा पर्ने कुडिया गाविसको वडा नं. ४, श्रीनगर स्थित मनकामना बहस केन्द्र विगत १ बर्षदेखि सहमति, लोकतन्त्र मजबुत बनाऔं कार्यक्रमद्वारा सञ्चालन भई आएको छ । स्थानीय जनजाती, मुसहर, मधेशी समुदायको बाहुल्यता रहेको श्रीनगरका महिलाहरु हप्तामा १ पटक एक जुट भई एक आपसमा छलफल गर्दछन् । वस्तीको समस्याहरु पहिचान गरी त्यसको समाधान गर्नका लागि समेत एक आपसमा मिलेर प्रयासरत छन् । शिक्षा, स्वास्थ्य, सरसफाई, महिला हिंसा, दाईजो प्रथा, महिलाको कार्यबोझ, गाविसको बजेट, सरकारी कार्यालयमा पाइने सेवा सुविधा लगायत थुप्रै कुराहरुमा छलफल गर्ने गर्दछन् रिफ्लेक्ट केन्द्रमा ।



आम्दानी र खर्चको घैंटो चित्रमार्फत फजुल खर्च घटाई बचेको रकम बचत गर्नु पर्दछ, सो बचत रकम भविष्यमा आई पर्ने विभिन्न समस्याहरुलाई टार्न सहज हुन्छ भन्ने विषयमा छलफल गर्दा सहभागि महिलाहरुले हामी अब यहि वहस केन्द्रका सदस्यहरुले मासिक नियमित वचत गर्दछौं भनी रु.२५।– वचत गर्दै आएका छन् । वचतले हामीलाई फजुल खर्चको कटौती गर्नुका साथै समूहमा जम्मा भएको रकम ऋणको रुपमा वहस केन्द्रकै सदस्यहरुले लगी आफ्नो स–साना समस्याहरु समेत टारेका छन् भन्नुहुन्छ मनकामना बहस केन्द्रको अध्यक्ष रम्भा खवास ।

१ बर्षको बच्चा देखाउँदै भन्नु हुन्छ, मैले समूहबाट लिएको ऋण रु.१,०००।– मेरो यही छोरालाई भैंसीका दुध खुवाउन हो । त्यतिबेला मेरो दुध नपुगेको र म सँग पैसा नभए पछि मैले समूहमा पैसा मागेपछि समूहबाट रु.१,०००।– पाएँ अनि नियमित दुध किनेर छोरालाई खुवाएँ । पछि ऋण रकम व्याज सहित फिर्ता गरें । अप्ठ्यारो परेको बेलाम बहस केन्द्रमा गरेको बचतले ठूलो सहयोग पुग्यो ।

मेरो छोरीको उपचार बुटवलमा गराएँ निको भएन त्यस पछि गोरखपुर लग्न पर्ने भयो म सँग तत्काल पैसा थिएन अनि वहस केन्द्रमा माग गरे मलाई तत्काल रु.१,५००।– प्रदान गर्नु भयो साथै अरु केही पैसा बाहिर खोजेर उपचारको लागि छोरीलाई गोरखपुर पठाएको छु, भन्नु हुन्छ **नर्बदा कहार** । बहस केन्द्रमा मासिक रुपमा जम्मा गरेकै कारण अपर्झट पर्दा मैले पैसा पाएँ नत्र कसले यति छिटो मलाई पैसा दिन्थेर । यो मनकामना बहस केन्द्रको स्थापनाले हाम्रो वस्तीको महिलाहरुमा धेरै परिवर्तन आएको छ । हामीलाई कसैले कुनै कार्यक्रम, बैठकमा बोलाउँदैनथे र हामी पनि जाँदैनथ्यौं । अहिले जुन कार्यक्रममा पनि हामीलाई बोलाउँछन् हाम्रो कुरा पनि राख्छौं, नत्र पहिले त हामीलाई परिचय दिन पनि लाज लाग्थ्यो अहिले कुनै लाज, डर नमानी ढुक्कले परिचय दिन सक्छौं ।

यो कार्यक्रम आए पछि नै हामीलाई गाविसको बजेट, उपस्वास्थ्य चौकीमा पाइने निःशूल्क औषधीहरु, छात्रवृत्ति, कृषि सेवा आदिको बारेमा थाहा पाइयो । पहिले कुनै संस्था, कार्यालयबाट हामीलाई यस्तो जानकारी गराएको थिएन । अहिले हामीलाई धेरै कुरा थाहा भएको छ, नियमित छलफल गर्दछौं, मासिक वचत गर्छौं एक आपसमा मिलेर समुदायमा देखिएका स–साना समस्या, झैझगडा हामिले नै समाधान गर्दछौं । झनै यो मासिक वचतले हामी सबैलाई सचेत पनि बनाएको छ र जम्मा भएको रकमले हामी जस्तो पछाडि पारिएको गरीब जनतालाई औषधी उपचार गराउनका लागि धेरै काम गरेको छ, भन्नु हुन्छ रम्भा खवास । ❐ ❐ ❐

# लोकतन्त्र मजबुत बनाऔं कार्यक्रमका केही झलकहरु


लोकतान्त्रिक प्रतिनिधित्व, समावेशी तथा सूचनाको हक विषयक तालिममा खेल मार्फत सहजिकरण गर्दै प्रशिक्षक


त्रिवेणीसुस्ता गाविसमा सञ्चालित गाईड वाध रिफ्लेक्ट केन्द्रमा छलफल गर्दै सदस्यहरु ।


देउराली गाविस स्थित सामुदायिक अंक तालिका विधिमार्फत स्वास्थ सेवा बारे छलफल गर्दै


कुडिया गाविस स्थित कृषि सेवाहरुका बारेमा आंकलन गर्दै स्थानीयबासीहरु



कुडिया गाविस स्थित इलाका स्तरीय योजना तर्जुमा गोष्ठीमा सहभागीहरु


त्रिवेणीसुस्ता र कुडिया गाविसको संयुक्त रुपमा सञ्चालन गरिएको WCF र CAC/Reflect केन्द्रको क्षमता अभिवृद्धिका लागि सञ्चालित अभिमुखीकरण कार्यक्रम


सत्कुन छलफल केन्द्रका सदस्यद्वारा आयआर्जनका लागि झोला बुन्ने तालिम पश्चात घरमा झोला बुन्दै ।


वडा नागरिक मञ्चका सदस्यलाई योजनाहरु हस्तान्तरण गर्दै


रिफ्लेक्ट केन्द्रका सदस्यहरुद्वारा कपिलवस्तु स्थित बिजुवा गाविसमा अध्ययन अवलोकन भ्रमणमा


देउराली गाविस स्थित गाविसस्तरीय सामाजिक परीक्षण कार्यक्रमका सहभागीहरु

प्रेषक

**सहमति**
गैंडाकोट-५ नवलपरासी
फोन नं.: ०५६-५०२०९०
E-mail:sahamati@wlink.com.np
Website : www.sahamati.org

प्रापक

टिकट